# इस्लाम विरोधी भ्रम निवारण

(इस्लामका बारेमा गैर–मुस्लिमले गर्ने सामान्य प्रश्नहरुका उत्तर)

**इस्लाम**

मा गैर-मुस्लिमलाई काफिर किन भनिन्छ ?

मा महिलालाई पर्दा किन ?

मा जनावर बधमा क्रुरता किन ?

मा सुङ्गुरको मासु किन वर्जित ?

तरवारबाट फैलिएको हो ?

मा बहुविवाह किन ?

मा पैतृक सम्पत्ति विभाजन कसरी ?

मा मांसाहारी भोजन किन ?


लेखक :

डा. जाकिर नाइक

अनुवादक :

इरफान पोखरेल



प्रकाशक

**इस्लामी पुस्तकालय**

(मिल्लते इस्लामीया नेपाल)

# १. बहुविवाह

**प्रश्नः** मुसलमानहरूलाई एकभन्दा वढी पत्नी राख्ने अनुमति किन छ ? वा इस्लाम एकभन्दा बढी पत्नी राख्ने अनुमति किन दिन्छ ?

**उत्तरः** बहु-विवाह यस्तो व्यवस्था हो जस अनुसार एक व्यक्तिको एकभन्दा बढी पत्नी वा पति हुन्छ। बहु-विवाह दुई प्रकारका हुन्छन् -

१. एक पुरुषले एकभन्दा बढी पत्नी राख्नु

२. एक स्त्रीले एकभन्दा बढी पति राख्नु

इस्लाममा एक पुरुषलाई एउटा सिमासम्म एकभन्दा बढी पत्नी राख्न पाउने इजाजत छ तर स्त्रीका लागि भने एकभन्दा बढी पति राख्ने अनुमति छैन।

आऔं, यस प्रश्नमाथि विचार गरौं कि इस्लाममा एक पुरुषलाई एकभन्दा अधिक पत्नी राख्ने अनुमति किन प्रदान गरियो।

## १. पवित्र कुरआन नै संसारका धार्मिक पुस्तकहरूमध्ये एक मात्र पुस्तक हो जसले भन्दछ "........ एउटी स्त्रीसँग मात्र विवाह गर।"

संसारमा कुरआन नै एक मात्र यस्तो धार्मिक पुस्तक हो जसमा यो कुरा भनिएको छ "........ एउटासँग मात्र विवाह गर"

अन्य कुनै यस्तो धर्मग्रन्थ छैन जसले एक मात्र स्त्रीसँग विवाहको उपदेश दिन्छ। कुनै पनि धार्मिक ग्रन्थमा हामी पत्नीहरूको संख्यामा कुनै सिमांकन गरेको पाउँदैनौ चाहे त्यो वेद, रामायण, महाभारत, गीता हुन् या तलमूद वा बाइबल। यी पुस्तकहरूका अनुसार झन् एक व्यक्तिले आफ्नो इच्छा अनुसार जति मन लाग्छ त्यतिवटी पत्नी राख्न सक्दछ। पछि आएर हिन्दूका साधुहरू र ईसाइका पादरीहरूले पत्नीको संख्यालाई सीमित गरेर एउटा मात्र गरिदिए।

धेरै हिन्दू धार्मिक व्यक्तिहरूसँग उनीहरूकै धार्मिक पुस्तकहरूले वर्णन गरे अनुसार धेरै पत्नीहरू भएको हामी पाउँछौं। रामका पिता राजा दशरथका एकभन्दा वढी रानीहरू थिए। यस्तैप्रकारले कृष्णका पनि धेरै पत्नीहरू थिए। प्राचीनकालमा ईसाइहरूलाई उनीहरूका इच्छा अनुसार पत्नीहरू राख्न पाउने अनुमति थियो किनकि बाइबल पत्नीहरूको संख्यामा कुनै सिमा तोक्दैन। केही

शताब्दीअघि मात्र गिर्जाघर (ईसाइहरूको प्रार्थना घर) ले पत्नीहरूको संख्याको सिमा कम गरेर एक मात्र गरिदियो । यहूदी धर्ममा पनि बहु-विवाहको इजाजत छ । तलमूद (यहूदीहरूको धर्मग्रन्थ) कानून अनुसार इब्राहीमका तीनवटी पत्नी थिए र सुलैमानका सयौं पत्नीहरू थिए । बहु-विवाहको चलन चलिरह्यो र त्यस समयमा आएर बन्द भयो जब रिब्बी गर्शोम बिन् यहूदा (सन् ९६०-१०३०) ले यस विरुद्ध हुकुम जारी गरे । मुसलमान देशहरूमा रहने यहूदीहरूका पुर्तगाल समुदायमा यो चलन सन् १९५० सम्म प्रचलित रह्यो र अन्ततः इसराइलको चीफ रिब्बीले एकभन्दा बढी पत्नी राख्न प्रतिबन्ध लगाइदिए ।

## २. मुसलमानहरूको तुलनामा हिन्दूहरू बढी पत्नी राख्दछन् ।

सन् १९७५ मा प्रकाशित "इस्लाममा नारीको स्थान कमिटी" को प्रतिवेदनको पृष्ठ संख्या ६६ र ६७ मा भनिएको छ कि सन् १९५१ र १९६१ को बीचमा हिन्दूहरूमा बहु-विवाह ५.०६% थियो जबकि मुसलमानहरूमा यो ४.३१% मात्र थियो । भारतीय कानूनमा मुसलमानहरूलाई मात्र एकभन्दा बढी पत्नी राख्न पाउने अनुमति छ र गैर-मुस्लिमका लागि एकभन्दा बढी पत्नी राख्नु भारतमा गैर-कानूनी छ । यस्तो हुँदा हुँदै पनि हिन्दूहरूसँग मुसलमानहरूको तुलनामा धेरै पत्नीहरू हुन्छन् । विगतमा हिन्दूहरूमाथि पनि यसको कुनै प्रतिबन्ध थिएन । कैयौं पत्नीहरू राख्ने अनुमति उनीहरूलाई पनि थियो । जब सन् १९५४ मा हिन्दू विवाह कानून लागू गरियो जस अनुसार हिन्दूहरूलाई बहु-विवाहको अनुमति भएन र यसलाई गैर-कानूनी गरियो । यो हिन्दू धर्मग्रन्थ नभएर भारतीय कानून हो जसले हिन्दूहरूलाई एकभन्दा बढी पत्नी राख्न प्रतिबन्ध लगाउँछ ।

## ३. पवित्र कुरआनले सीमित बहुविवाहको अनुमति दिन्छ

पहिले नै बयान गरिसकिएको छ कि पवित्र कुरआन मात्र यस्तो धार्मिक पुस्तक हो जसले निर्देश गर्दछ - "केवल एउटी महिलासँग विवाह गर ।" कुरआनमा आएको छ,

> **"यदि तिमीहरूलाई अनाथप्रति न्याय गर्न नसकिएला कि भन्ने डर छ भने तिमीहरू आफूलाई मन परेकी स्त्रीहरूमध्ये दुई-दुई, तीन-तीन वा चार-चार जनासँग बिहे गर । तर, यदि यी पत्नीहरूबीच**

**न्याय गर्न सक्दैनौ भन्ने आशङ्का छ भने एउटीसँग मात्र बिहे गर....... ।" (कुरआन ४:३)**

कुरआन अवतरित हुनुभन्दा पहिले बहुविवाहको कुनै सिमा थिएन । धेरै मानिसहरूले ठूलो संख्यामा पत्नी राख्दथे र केहीसँग त सयौं पत्नीहरू हुन्थे । इस्लामले वढीभन्दा वढी चार पत्नीहरूको सिमा निर्धारण गरिदिएको छ । इस्लामले कुनै व्यक्तिलाई दुई, तीन अथवा चार स्त्रीसँग मात्र विवाह गर्न अनुमति दिन्छ जब ऊ उनीहरूलाई बराबर न्याय गर्न समर्थ हुन्छ । कुरआनको यही अध्याय अर्थात् सूरः निसा आयत १२९ मा भनिएको छ-

**"र, तिमीहरूले चाहेर पनि पत्नीहरूबीच न्याय गर्न सक्दैनौ । अनि, तिमीहरू एउटीतर्फ यसरी नझुक कि अर्की चाहिँ झुन्डिएझैं हुन पुगोस् .......... ।" (कुरआन ४:१२९)**

कुरआनबाट थाहा भयो कि बहुविवाह कुनै आदेश होइन बरु यो एउटा अपवाद हो । मुसलमान पुरुषले एकभन्दा बढी विवाह गर्नु अनिवार्य छ भन्ने भ्रम धेरै मानिसहरूमा छ। सामान्यतया इस्लामले कुनै काम गर्ने वा नगर्ने भन्ने दृष्टिले कामलाई पाँच भागमा विभाजित गरिएको छः-

क) फर्ज अर्थात् अनिवार्य

ख) मुस्तहब अर्थात् रोजाइमा भरपर्ने

ग) मुबाह अर्थात् जसको अनुमति छ

घ) मकरूह अर्थात् घृणित वा मन नपराइएको

ङ) हराम अर्थात् निषेधित

बहुविवाह 'मुबाह' अन्तर्गत पर्दछ जसको अर्थ इजाजत वा अनुमति छ भन्ने हुन्छ न कि आदेश । एक मुसलमान जसका दुई, तीन वा चार पत्नीहरू छन्, ऊ मुसलमानभन्दा राम्रो हो जसको एक मात्र पत्नी छ भन्नु सरासर गलत हो ।

## ४. महिलाहरूको औसत आयु पुरुषहरूकोभन्दा धेरै हुन्छ

प्राकृतिक रूपमा महिला तथा पुरुषको जन्म लगभग एउटै अनुपातमा हुन्छ । बालकहरूको तुलनामा बालिकाहरूमा रोगसँग लड्ने क्षमता धेरै हुन्छ ।

शिशुहरूको उपचारको क्रममा केटाहरूको मृत्यु धेरै हुन्छ। युद्धको क्रममा महिलाहरूको तुलनामा पुरुषहरू धेरै मर्छन्। दुर्घटना र रोगहरूबाट पनि यही तथ्य देखापर्दछ। महिलाहरूको औसत आयु पुरुषभन्दा बढी हुन्छ। यसकारण विश्वमा विधुरहरूको भन्दा बिधवाहरूको संख्या बढी देख्छौं।

## ५. गर्भपात र भ्रूणहत्याको कारण महिलाभन्दा पुरुषको आवादी बढी

भारतमा महिलाभन्दा पुरुषको जनसंख्या बढी छ। यसको वास्तविक कारण बालिका भ्रूण हत्या नै हो। भारतमा मात्रै प्रतिवर्ष दस लाखभन्दा बढी गर्भपात र बालिका भ्रूण हत्या गरिन्छ। यदि यस घृणित कार्यलाई रोक्ने हो भने निश्चय नै स्त्रीको संख्या पुरुषभन्दा बढी हुनेछ।

## ६. सारा विश्वमा स्त्रीको संख्या पुरुषको भन्दा बढी छ।

अमेरिकामा स्त्रीको संख्या पुरुषभन्दा अठहत्तर लाख बढी छ। न्यूयोर्कमा मात्र स्त्रीको संख्या पुरुषभन्दा दस लाख बढी भएको छ र जहाँ एक तिहाई पुरुषको संख्या सोडोमीज (पुरुषमैथुन) छन् र पूरै अमेरिकामा यस्ता पुरुषको संख्या दुई करोड पचास लाख रहेकोछ। यसबाट यो प्रस्ट हुन्छ कि कतिपय लोग्ने मानिसहरू महिलासँग विवाह गर्न चाहँदैनन्। बेलायतमा महिलाको आवादी पुरुषभन्दा ४० लाख बढी छ, त्यस्तै जर्मनीमा ५० लाख र रुसमा ९० लाख बढी छ। यसबाट यो थाहा हुन्छ कि सारा विश्वमा पुरुषभन्दा महिलाको संख्या नै बढी छ।

## ७. प्रत्येक पुरुषलाई एक मात्र पत्नी राख्ने सीमा व्यवहारिक छैन।

यदि प्रत्येक पुरुषले एक मात्र महिलासँग विवाह गऱ्यो भने पनि अमेरिकामा ३ करोड महिला अविवाहित रहन्छन्। यसै गरी बेलायतमा ४० लाख, जर्मनीमा ५० लाख र रुसमा ९० लाखभन्दा बढी महिला विवाह गर्ने पुरुष नपाएर अविवाहित रहन पुग्छन्। यस्तो स्थितिमा ती अविवाहित महिलाहरू समक्ष सामान्यतया दुई वटा विकल्प हुन्छन्। पहिलो यो हो कि ऊ कुनै यस्तो पुरुषसँग विवाह गरोस् जसको पहिलेदेखि नै पत्नी छिन्। यदि उनी यसो गर्दिनन् भने उनी गलत बाटोमा लाग्न सक्ने पूरै संभावना हुन्छ। सबै असल महिलाहरूले पहिलो विकल्पलाई नै प्राथमिकता दिन्छन्।

पश्चिमी समाजमा सामान्यतया पुरुषले पत्नी एक मात्र राख्ने भए तापनि धेरै महिलाहरूसँग यौन सम्बन्ध राख्ने चलन छ। जसले गर्दा महिला एउटा असुरक्षित र अपमानित जीवन व्यतित गर्दछे। त्यही समाज कसैलाई एकभन्दा बढी पत्नीहरूका साथ स्वीकार गर्न सक्दैन जससँग महिलाले समाजमा सम्मान र आदरका साथ एक सुरक्षित जीवन व्यतित गर्न सक्छे। अरू पनि अनेकौं कारणहरू छन् जसले गर्दा इस्लामले सीमित बहुविवाहको अनुमति दिन्छ। तर मूल कारण यो हो कि इस्लाम एक महिलाको सम्मान र उनको इज्जत कायम राख्न चाहन्छ।

**प्रश्न:** यदि एक पुरुषलाई एकभन्दा बढी पत्नी राख्ने अनुमति छ भने इस्लामले महिलालाई एकभन्दा बढी पति राख्ने अनुमति दिँदैन। यसको कारण के हो ?

**उत्तर:** मुसलमानहरूले समेत केही मानिसहरूले इस्लामले पुरुषलाई कैयौं पत्नी राख्ने छुट दिन्छ तर यो अधिकार महिलालाई दिंदैन भन्ने कुराको प्रश्न उठाउँछन्। सबभन्दा पहिले म यो कुरा निश्चयका साथ भन्न चाहन्छु कि इस्लामी समाज न्याय र समानतामा आधारित छ। ईश्वरले महिला तथा पुरुषलाई समान रूपमा बनाएका त छन् तर फरक फरक क्षमता र जिम्मेवारी राखेका छन्। महिला र पुरुष शारीरिक एवं मानसिक रूपबाट भिन्न छन् उनीहरूका भूमिका र जिम्मेवारीहरू पनि अगल-अलग छन्। स्त्री र पुरुष दुबै इस्लाममा समान छन् तर एकै (Identical) छैनन्।

कुरआनको सूरह निसा अध्याय ४, आयत नं. २२ देखि २४ सम्ममा महिलाहरूको सूचि दिएको छ जससँग तपाईंले विवाह गर्न सक्नु हुन्न। सूरह निसा कै अध्याय ४, आयत नं. २४ मा वर्णन गरिएको छ कि दाम्पत्यमा बाँधिएकी महिलासँग विवाह गर्न अवैध छ

महिलाका लागि एकभन्दा बढी पति राख्न अवैध हुनुका कारण निम्न लिखित कुराहरूबाट प्रष्ट हुन्छः-

१. यदि एक व्यक्तिसँग एकभन्दा बढी पत्नीहरू छन् भने त यस्तो विवाहबाट जन्मिएका बच्चाको आमा-बाबु सजिलैसँग थाहा हुन्छ तर एक महिलासँग एकभन्दा बढी पतिहरू छन् भने बच्चाकी आमा मात्र थाहा हुन्छ र बाबु को हो भन्ने थाहा हुँदैन। इस्लामले आमा बाबुको पहिचानलाई धेरै नै महत्व दिन्छ। आफ्ना आमा बाबुमध्ये पनि विशेष गरी आफ्नो बाबु थाहा नपाउने

बच्चाहरू मानसिक आघात र पागलपनको शिकार हुने कुरा मनोचिकित्सकहरू बताउँछन् । प्राय: यस्ता बच्चाहरूको बाल्यावस्था खुशीविहिन हुन्छ । यसकारण बेश्याहरूका बच्चाहरूको बाल्यकाल स्वस्थ हुँदैन । यदि यस्तो विवाहबाट जन्मेको बच्चाको नाम सोधियो भने उसकी आमाले एकभन्दा बढी बाबुको नाम भन्नु पर्ने हुन्छ ।

२. पुरुषहरूमा प्राकृतिक रूपमा बहुविवाहको क्षमता महिलाको भन्दा बढी हुन्छ ।

३. जीव विज्ञान अनुसार एकभन्दा बढी पत्नी राख्ने पुरुषले पतिका रूपमा आफ्नो कर्तव्य निर्वाह गर्न सजिलो हुन्छ । तर एकभन्दा बढी पति राख्ने महिलाले पत्नीका रूपमा आफ्नो कर्तव्य निर्वाह गर्न सम्भव हुँदैन । खास गरी महिनावारीको समयमा महिला तीब्र मानसिक र व्यवहारिक परिवर्तनबाट गुज्रिरहेकी हुने भएकोले त्यस समयमा उनले पत्नीत्व निर्वाह गर्न सक्दिनन् ।

४. एकभन्दा बढी पति भएका महिलाका एकै समयमा धेरै यौन साझेदारहरू हुन्छन् । यसको कारणले गर्दा ऊ यौन संबन्धि रोगहरूबाट ग्रसित हुने बढी संभावना हुन्छ । उसको पति उ बाहेक अन्य महिलासंगको वैवाहिक यौन संवन्धबाट अलग भएपनि सो महिलाको कारणले गर्दा उसका सबै पतिलाई यौन रोग लाग्न सक्छ । यो स्थिति कैयन पत्नी राख्ने पुरुषसँग आउँदैन ।

माथिका यी कारणहरू सामान्य कारणहरू हुन् । यी बाहेक अरू पनि धेरै कारणहरू हुन सक्ने भएकाले नै असिम तत्वदर्शी ईश्वरले महिलाहरूलाई एकभन्दा बढी पति राख्न निषेध गरेका हुन् ।

# २. पर्दा

**प्रश्न:** इस्लामले महिलाहरूलाई पर्दामा राखेर उनीहरूलाई अपमान किन गर्छ ?

**उत्तर:** इस्लाममा महिलाको जुन स्थिति छ त्यसलाई लिएर आमसंचार माध्यमहरू भयानक हमला गर्ने गर्दछन् । उनीहरू पर्दा र इस्लामी पहिरनलाई इस्लामी कानूनमा महिलाहरूको दासताको उदाहरणका रूपमा पेश गर्दछन् । पर्दाको धार्मिक निर्देशनको पछाडि रहेका कारणहरूमा विचार गर्नुभन्दा पहिले हामी इस्लामभन्दा पहिलेको समाजमा महिलाहरूको स्थितिप्रति अध्ययन गरौं ।

## १. विगतमा महिलाहरूको अपमान गरिन्थ्यो र काम–वासनामा मात्र उनीहरूको प्रयोग गरिन्थ्यो ।

आदिकालको सभ्यतामा महिलाको स्थान यस सीमासम्म झरेको थियो कि उनीहरूलाई प्राथमिक मानव सम्मानसम्म पनि दिइएको थिएन भन्ने कुरा इतिहासबाट लिइएका निम्न उदाहरणहरूले पुष्टि गर्दछन् ।

### क) बेबिलोनियाको सभ्यता

यस सभ्यता अनुसार महिलाहरू अपमानित हुने गर्थे र बेबिलोनिया कानूनमा उनीहरूलाई प्रत्येक हक र अधिकारबाट वञ्चित राखिएको थियो । यदि एउटा व्यक्तिले कुनै महिलाको हत्या गर्थ्यो भने उसलाई दण्ड सजायँ गर्नुको सट्टा उसकी पत्नीलाई मृत्युको काखमा पुऱ्याइन्थ्यो ।

### ख) यूनानको सभ्यता

यस सभ्यतालाई प्राचीन सभ्यताहरूमा अत्यन्त उत्तम सभ्यता मानिन्छ । यस 'अत्यन्त उत्तम' व्यवस्था अनुसार महिलाहरूलाई सबै प्रकारका अधिकारहरूबाट वञ्चित राखिन्थ्यो र उनीहरूलाई नीच (तल्लो स्तरको) वस्तुको रूपमा हेर्ने गरिन्थ्यो । यूनानको देवगाथामा पांडोरा नामकी एउटी काल्पनिक महिला पूरै मानवजातिको दुःखको जड मानिन्छ । यूनानका मानिसहरूले महिलाहरूलाई पुरुषको तुलनामा तुच्छ जाति मान्ने गर्थे । उनीहरूको पवित्रता अमूल्य थियो र उनीहरूको सम्मान गरिन्थ्यो तापनि पछि आएर यूनानका मानिसहरू अहंकार र काम-

वासनामा लिप्त हुन थाले । युनानी समाजको हरेक वर्गमा वेश्यावृत्ति एउटा आम प्रचलन बन्न गयो ।

## ग) रोमन सभ्यता

जुन समयमा रोमन सभ्यता आफ्नो गौरवको चरम सीमामा थियो त्यस समय एउटा पुरुषलाई आफ्नी पत्नीको ज्यान लिने अधिकार पनि थियो । वेश्यावृत्ति र नग्नता रोम वासीहरूमा सामान्य थियो ।

## घ) मिश्रको सभ्यता र इस्लामभन्दा पहिलेको अरब

मिश्रका मानिसहरूले महिलाहरूलाई शैतानको रूप मान्दथे । इस्लामभन्दा पहिले अरबमा महिलालाई नीच (तल्लो स्तरको) मानिन्थ्यो र कुनै पनि बेला कही पनि कुनै बच्चीको जन्म हुँदा सामान्यतया उसलाई जिउँदै गाड्ने गरिन्थ्यो ।

## २. इस्लामले महिलाहरूलाई माथि उठायो र बराबरीको दर्जा दियो

इस्लामले महिलाहरूलाई माथि उठायो र लगभग १४०० वर्ष पहिले नै महिलाहरूलाई उनीहरूको अधिकार दियो । महिलाहरूले आफ्नो स्तर बनाइ राख्नेछन् भन्ने अपेक्षा इस्लामले गर्दछ ।

## पुरुष र महिलाहरूलाई पर्दाको आदेश :–

सामान्यतया मानिसहरू पर्दाको संबन्ध महिलाहरूसँग मात्र छ भन्ने ठान्दछन् । वास्तवमा पवित्र कुरआनमा ईश्वरले महिलाभन्दा पहिले पुरुषहरूसँग पर्दाको रहेको कुरा वर्णन गर्दछन् । कुरआन भन्दछ कि

> **“(हे सन्देष्टा !) मोमिन पुरुषहरूलाई आफ्ना दृष्टिहरूलाई नियन्त्रित राख्न तथा आफ्ना गुप्ताङ्गहरूको रक्षा गर्न आदेश देऊ । यो उनीहरूकालागि विशुद्ध रीति हो । उनीहरूले गर्ने गरेका कार्यहरूसित अल्लाह परिचित छन् ।” (कुरआन २४:३०)**

यदि कुनै समय कुनै मानिसको आँखा महिला माथि पर्‍यो भने उसले आफ्नो दृष्टि (नजर) तल पारिहाल्नु पर्दछ र ती महिलालाई दोहोरो हेर्नु हुँदैन । त्यस्तै महिलाको पर्दा सम्बन्धमा कुरआनको सूरा निसामा भनिएको छ,

**"र, मोमिन (आस्थावान) स्त्रीहरूलाई भन कि उनीहरूले आफ्ना दृष्टिहरूलाई नियन्त्रित राखून्, आफ्ना गुप्ताङ्गहरूको रक्षा गरून् र आफ्नो श्रृंगार प्रदर्शन नगरून् त्यसबाहेक जो स्वयं जाहेर हुन्छ। र, आफ्ना बक्षस्थललाई आफ्ना पछ्यौराले ढाकेर राखून् अनि आफ्ना श्रृंगार जाहेर नगरून् सिवाय आफ्ना पति, पिता, ससुरा, पुत्रहरू, पतिका पुत्रहरू, दाजुभाइहरू, भतिजाहरू, भाञ्जाहरू, दिदीबहिनीका पुत्रहरू, (नातेदार) महिलाहरू, दास-दासीहरू, मातहतमा रहेका कामेच्छारहित पुरुषहरू र ती बालकहरूकासामु जो महिलाहरूका गुप्ताङ्गहरूबारे अनभिज्ञ हुन्छन्। र, आफ्ना खुट्टा बजाउँदै नहिडून् कि उनीहरूले लुकाएका श्रृंगारबारे थाहाहोस्...... ।" (कुरआन २४:३१)**

## ३. पर्दाका लागि आवश्यक शर्तहरू

पवित्र कुरआन र हदीस अनुसार पर्दाका लागि निम्न लिखित छ वटा कुराहरू ध्यानमा राख्नु जरुरी छ-

क) पहिलो शरीर हो जसलाई ढाक्नु आवश्यक छ। यो पुरुष र महिलाका लागि फरक फरक छ। पुरुषका लागि नाइटोदेखि घुंडासम्म ढाक्नु अनिवार्य छ भने महिलाका लागि अनुहार र हत्केला बाहेक पुरै शरीर ढाक्नु अनिवार्य छ। तैपनि ऊ चाहन्छे भने खुल्ला भाग पनि ढाक्न सक्छे। इस्लामका केही धर्मविद्हरू अनुहार र हातको पनि पर्दा आवश्यक छ भन्ने कुरामा जोड दिन्छन्। अन्य कुराहरू स्त्री तथा पुरुषका लागि समान रहेका छन्।

ख) लगाइएका कपडाहरू खुकुलो हुनुपर्दछ ताकि यसबाट शरीरका अंगको आकार नदेखियोस्।

ग) लगाइएका कपडा भित्री अंग देखिन सक्ने पातलो (पारदर्शी) हुनु हुँदैन।

घ) लगाइएका कपडाहरू विपरित लिङ्गलाई आकर्षित गर्ने खालका भड्किला हुनु हुँदैन।

ङ) लगाइएका कपडाहरू विपरित लिङ्गसँग मिल्ने खालका हुनु हुँदैन

च) लगाइएका कपडा कुनै विशेष गैर-मुस्लिम धर्मलाई चिनाउने वा त्यो धर्मको प्रतीक हुनु हुँदैन।

## ४. पर्दाले अन्य चिज साथ साथै मानिसको व्यवहार र आचरणको पनि जानकारी दिलाउँछ।

पूर्ण पर्दा, कपडाका छ कसौटी बाहेक पनि नैतिक व्यवहार र आचरणलाई पनि आफूभित्र समाहित गरेको छ। कुनै व्यक्ति यदि कपडाको कसौटी मात्र अपनाउँछ भने उसले पर्दाको सीमित अर्थको पालना गरिरहेको हुन्छ। कपडाद्वारा पर्दाका साथ साथ आँखा र विचारहरूको पनि पर्दा गर्नुपर्छ। कुनै व्यक्तिको चालचलन, कुराकानी तथा व्यवहारलाई पनि पर्दाको दायरामा लिने गरिन्छ।

## ५. पर्दाले दुर्व्यवहारबाट रोक्दछ

महिलालाई पर्दाको उपदेश किन दिइन्छ, यसको कारण पवित्र कुरआनको सूरह 'अल-अहजाव' मा उल्लेख गरिएको छ।

> **"हे नबी ! आफ्ना पत्नीहरू, आफ्ना छोरीहरू र मोमिनहरूका महिलाहरूलाई भनिदेऊ- "उनीहरूले स्वयंलाई आफ्ना ओढ्नेहरूले ढाकून्। यो उचित तरीका हो। यसले गर्दा उनीहरू चिनिनेछन् र सताइने छैनन्। र, अल्लाह अति क्षमाशील एवं परम दयालु छन्।" (कुरआन ३३:५९)**

पवित्र कुरआन भन्दछ कि महिलाहरूलाई पर्दाको यस कारणले उपदेश दिइएको छ कि उनीहरू सम्मानित तवरमा चिनिऊन् र पर्दाले उनीहरू दुर्व्यवहारबाट बचाउँदछ।

मानिलिऔं कि उत्तिकै सुन्दर दुइटी जुम्ल्याहा दिदीबहिनी सडकमा हिँडिरहेका छन्। तीमध्ये एउटीले अनुहार र हत्केलाबाहेक सम्पूर्ण भाग पर्दाभित्र ढाकेकी छिन् र अर्कीले पश्चिमी कपडा मिनीस्कर्ट र ब्लाउज लगाएकी छिन्। एउटा बदमास कुनै केटीलाई जिस्क्याउन सडक छेउमा उभिएको छ भने यस्तो अवस्थामा उसले कसलाई छेडछाड वा दुर्व्यवहार गर्ला ? पर्दामा रहेकी केटीलाई वा मिनीस्कर्ट लगाएकीलाई ? अवश्य नै उसले दोस्रो केटी अर्थात मिनीस्कर्ट लगाएकीसँग नै दुर्व्यवहार गर्नेछ। यस्तो कपडाले विपरित लिङ्गलाई अप्रत्यक्ष रूपमा छेडछाड र दुर्व्यवहार गर्न आमन्त्रित गर्दछ। कुरआन बिलकुल सही भन्दछ कि पर्दाले महिला माथि हुने छेडछाड र उत्पीडनबाट रोक्दछ।

## ६. बलात्कारीहरूका लागि मृत्युदण्ड

इस्लामी कानूनमा बलात्कारको सजायँ मृत्यु दण्ड हो। धेरै मानिसहरू

यसलाई निर्दयता भन्ने गर्दछन् र यस दण्डप्रति आश्चर्य प्रकट गर्दछ । केहीले त इस्लाम एउटा जंगली धर्म हो पनि भन्दछन् । मैले एउटा सामान्य प्रश्न गैर-मुस्लिमहरूसँग गरें कि यदि कसैले तपाईंकी आमा अथवा दिदीबहिनीलाई बलात्कार गर्दछ र तपाईंलाई न्यायधीश बनाइ दिइयो र बलात्कारीलाई तपाईंकाअगाडि ल्याइयो भने तपाईं उसलाई के सजायँ सुनाउनु हुन्छ ? मलाई प्रत्येकबाट एउटै उत्तर प्राप्त भयो त्यो हो मृत्युदण्ड दिनुपर्ने । केहीले भने की उनीहरूले उसलाई कष्ट (दुःख) दिइकन मार्ने सजायँ सुनाउनेछन् । मेरो अर्को प्रश्न थियो कि यदि कोही तपाइकी आमा, पत्नी अथवा दिदीबहिनीका साथ बलात्कार गर्दछ भने तपाईं उसलाई मृत्युदण्ड दिन चाहनुहुन्छ तर यही घटना अर्काकी आमा, पत्नी अथवा दिदीबहिनीका साथ भयो भने तपाईं मृत्युदण्ड दिनु जंगलीपन हो भन्नु हुन्छ । यस अवस्थामा यो दोहोरो मापदण्ड किन ?

## ७. पश्चिमी समाजले महिलालाई माथि उठाएको झुठो दाबी गर्दछ

महिलाको स्वतन्त्रताको पश्चिमी दाबी एउटा ढोंग हो जसको सहारामा उनीहरू महिलाको शरीरको शोषण गर्दछन्, उनीहरूको आत्मालाई फोहोर गर्दछन् र मानसम्मानबाट उनीहरूलाई वञ्चित राख्दछन् । पश्चिमी समाजले महिलाहरूलाई माथि उठाएको दावी गर्दछ । यसको बदला उनीहरूले महिलालाई रखैल र समाजमा पुतली (खेलौना) को स्थान दिएका छन्, जुन केवल देहव्यापार र कामवासनामा रम्नेहरूको हातको एउटा खेलौना हो र जुन कला र संस्कृतिको रंगिविरङ्गी पर्दाको पछाडि लुकेको छ ।

## ८. अमेरिकामा बलात्कारको दर सबभन्दा बढी छ

अमेरिकालाई संसारको सबभन्दा उन्नत राष्ट्र मान्ने गरिन्छ । सन् १९९० को FBI को प्रतिवेदन अनुसारअमेरिकामा उक्त वर्ष १,०२,५५५ वटा बलात्कारका घटना दर्ता भए । रिपोर्ट अनुसार यसप्रकारका कूल घटनाहरूमध्ये १६% घटनाहरू मात्र प्रकाशमा आउन सके । यसप्रकार सन् १९९० मा बलात्कारका घटनाको सही अनुमान लगाउनका लागि उपरोक्त संख्यालाई ६.२५ ले गुणन गरी जुन संख्या आउँछ त्यो ६,४०,९६८ हो । यदि यो पूरै संख्यालाई वर्षको ३६५ दिनमा बाँडिदिएमा यस्ता घटनाको संख्या १७५६ प्रतिदिन हुन आउँछ ।

त्यस्तै एउटा अर्को रिपोर्ट अनुसार अमेरिकामा दैनिक १९०० बलात्कारका घटनाहरू हुने गर्दछन् । अमेरिकाको National Crime Victimization Survey Bureau of Justice Statistics (U.S. of Justice) का अनुसार सन् १९९६ मा

मात्र ३,०७,००० यस्ता घटनाहरू दर्ता भए । तर सही घटनाका ३१% घटना मात्र दर्ता भए । प्रति दिनको हिसाबले औसत २७१३ बलात्कारका घटना सन् १९९६ मा अमेरिकामा भए । एक छिन विचार गर्नुहोस् कि अमेरिकामा प्रत्येक ३२ सेकेण्डमा एउटा बलात्कार हुने गर्दछ । यस्तो लाग्दछ कि अमेरिकी बलात्कारी खुबै निडर छन् । FBI को सन् १९९० को रिपोर्ट अगाडि बताउँछ कि बलात्कारको दर्ता भएका घटनाहरूमध्ये १०% बलात्कारी मात्र गिरफ्तार हुन सके जुन कूल संख्याको १.६% हो । बलात्कारीहरूमध्ये ५०% अपराधीहरू मुद्दाभन्दा पहिले नै रिहा गरिएका थिए । यसको मतलब यो भयो कि ०.८% बलात्कारीहरूविरुद्ध मात्रै मुद्दा चलाउन सकियो । अर्को शब्दमा यदि एउटा मानिस १२५ पटक बलात्कारको घटनामा लिप्त भयो भने एक पटक मात्र उसलाई सजायँ दिने संभावना छ । धेरै मानिसहरूले यसलाई एउटा राम्रो जुवा ठान्ने छन् । सजायँ दिइनुपर्नेहरूमध्ये ५०% लाई मात्र एक वर्षभन्दा कमको सजायँ दिइएको छ भन्ने कुरा समेत त्यस रिर्पोटबाट प्रस्ट हुन्छ । वास्तवमा अमेरिकी कानून अनुसार त्यस्तो व्यक्तिलाई सात वर्षको सजायँ हुनुपर्दछ । जो पहिलो पटक बलात्कारको दोषी प्रमाणित हुन्छ त्यस मानिसको सम्बन्धमा निसाफ नरम हुन जान्छ । एकछिन विचार गर्नुहोस् एउटा व्यक्ति १२५ पटक बलात्कार गर्दछ तर उसका विरुद्ध मुद्दा गर्ने अवसर एक पटक मात्र आउँछ र फेरि ५०% मानिसहरूलाई निसाफको नरमपनको लाभ प्राप्त हुन्छ र बलात्कारको अपराध प्रमाणित भएको व्यक्तिलाई एक वर्षभन्दा पनि कम समयसम्मका लागि सजायँ हुन्छ ।

अब त्यो दृश्यको कल्पना गर्नुहोस् कि यदि अमेरिकामा पर्दाको पालना गरिएको भए र जब कुनै व्यक्तिको एउटी महिलामाथि दृष्टि पुग्दा कुनै अशुद्ध विचार उसको मस्तिष्कमा आउने बित्तिकै आफ्नो दृष्टि तल गर्थ्यो भने बलात्कारको स्थिति के हुन्थ्यो होला ? प्रत्येक महिला पर्दा गर्छे अर्थात् हत्केला र अनुहार बाहेक पूरै शरीर ढाक्छे । यति हुँदा हुँदै कुनै मानिस त्यस महिलाका साथ बलात्कार गर्छ भने उसलाई मृत्युदण्ड दिइन्छ । यस्तो स्थितिमा के अमेरिकामा बलात्कारको दर बढ्ला वा स्थिर रहला वा घट्ला ? तपाईं यसको जवाफ सजिलै अनुमान गर्न सक्नु हुनेछ ।

## ९. इस्लामी कानूनले निश्चित रूपमा बलात्कारको दर घटाउनेछ

स्वभाविकरूपमा जहिले पनि इस्लामी कानून लागू गरियो भने यसको परिणाम निश्चित रूपमा सकारात्मक हुनेछ । यदि इस्लामी कानून संसारको कुनै पनि भागमा लागू गरियो, चाहे अमेरिकामा होस् वा यूरोपमा, समाजमा शान्ति आउँछ । पर्दाले महिलालाई अपमानित गर्दैन बरू यसले उनीहरूलाई माथि उठाउँछ र उनीहरूको पवित्रता तथा मान-सम्मानको रक्षा गर्दछ ।

# ३. के इस्लाम तरबारबाट फैलिएको हो ?

**प्रश्न:** तरबारबाट फैलिएको धर्म इस्लामलाई शान्तिको धर्म कसरी भन्न सकिन्छ ?

**उत्तर:** यदि इस्लामलाई बलपूर्वक फैलाइएको थिएन भने आज यसलाई मान्नेहरू संसारभरमा लाखौंको संख्यामा हुने थिएनन् भन्ने केही गैर-मुस्लिमहरूको सामान्य शिकायत रहेको छ । निम्न बुंदाहरूले यस तथ्यलाई स्पष्ट गरिदिन्छन् कि इस्लामको सत्यता, दर्शन र तर्क नै त्यो कारण हो जसले गर्दा यो संसारभरि फैलिन सक्यो । यो सबै तरवारको भरले संभव भएको कदाचित होइन ।

## १. इस्लामको अर्थ शान्ति हो

"इस्लाम" मूल शब्द 'सलाम' बाट निस्किएको हो जसको अर्थ हुन्छ "शान्ति" । यसको दोश्रो अर्थ आफ्ना इच्छाहरूलाई आफ्ना पालनहार ईश्वर समक्ष सुम्पनु हो । अतः इस्लाम शान्तिको धर्म हो जुन सर्वोच्च स्रष्टा ईश्वरको अगाडि आफ्ना इच्छाहरूलाई सुम्पेपछि प्राप्त हुन्छ ।

## २. शान्ति स्थापनामा कहिलेकाहीँ बल प्रयोग पनि गरिन्छ

यस संसारका प्रत्येक मानिस शान्ति एवं सद्भावको पक्षमा छैनन् । धेरै मानिसहरू आफ्नो तुच्छ स्वार्थका लागि शान्ति भंग गर्ने प्रयास गर्दछन् । शान्ति कायम राख्नका लागि कहिलेकाहीँ बल प्रयोग गरिन्छ । यसैकारण हामी प्रहरी राख्दछौं जसले समाजमा शान्ति स्थापित गर्नका लागि अपराधी र असामाजिक तत्वहरूका विरुद्ध बल प्रयोग गर्दछन् । इस्लामले शान्तिलाई बढावा दिनुका साथै जहाँसुकै पनि अत्याचार र अन्याय हुन्छ उसले आफ्ना अनुयायीहरूलाई यसका विरुद्ध संघर्षका लागि प्रोत्साहित गर्दछ । अत्याचारविरुद्धको संघर्षमा कहिलेकाहीँ बल प्रयोगको आवश्यकता हुन आउँछ । इस्लाममा शान्ति र न्यायको स्थापनाका लागि मात्र बलको प्रयोग गर्न सकिन्छ ।

## ३. इतिहासकार डीलेसी ओ लेरी (Delacy O'Leary) को विचार

इस्लाम तरवारबाट फैलिएको हो भन्ने गलत विचारको सबभन्दा राम्रो

उत्तर प्रसिद्ध इतिहासकार डीलेसी ओ-लेरीद्वारा दिइएको छ । यसको वर्णन उनले आफ्नो पुस्तक Islam at the Cross road मा गरेका छन् । उनको कथन अनुसार,

> **"यो भन्नु कि केही अर्द्धपागल मुसलमानहरूले विश्वमा फैलिएर तरवारद्वारा पराजित समुदायलाई मुसलमान बनाए, इतिहास यसलाई स्पष्ट गर्दछ कि यो कोरा बकसाव हो र यो ती काल्पनिक कथाहरूमध्ये हो जसलाई इतिहासकारहरूले कुनै बेला दोहोऱ्याएका छन् ।"**

## ४. मुसलमानहरूले स्पेनमा ८०० वर्ष शासन गरे

मुसलमानहरूले स्पेनमा लगभग ८०० वर्ष शासन गरे तापनि त्यहाँ उनीहरूले कहिल्यै कसैलाई इस्लाम स्वीकार गर्न विवश बनाएनन् । पछि ईसाइ धार्मिक योद्धाहरू स्पेन आए र उनीहरूले मुसलमानहरूलाई तहसनहस गरिदिए, र त्यहाँ खुल्लम्खुल्ला अजान दिन सक्ने अर्थात नमाजका लागि पुकार्न सक्ने एउटा पनि मुसलमान बाँकी रहेन ।

## ५. एक करोड चालीस लाख अरब आवादी ईसाई वंशका हुन्

मुसलमानहरू १४०० वर्षसम्म अरबका शासक रहे । केहीवर्षसम्म त त्यहाँ बेलायती शासन रह्यो भने केही वर्ष फ्रान्सेलीहरूले शासन गरे । कुल मिलाएर त्यहा मुसलमानहरूले १४०० वर्षसम्म शासन गरे । आज पनि त्यहाँ एक करोड चालीस लाख ईसाइ अरबी वंशका छन् । यदि मुसलमानहरूले तरवारको प्रयोग गरेको भए त्यहाँ एक जना पनि अरबमूलका ईसाई बाँकी हुने थिएन ।

## ६. भारतमा ८०% भन्दा बढी गैर–मुस्लिम

मुसलमानहरूले भारतमा लगभग १००० वर्ष शासन गरे । यदि उनीहरूले चाहेका भए भारतका प्रत्येक गैर-मुस्लिमलाई इस्लाम स्वीकार गर्न बाध्य पार्न सक्थे किनकि यसका लागि उनीहरूसँग पर्याप्त शक्ति थियो । आज ८०% भन्दा बढी भारतीयहरू गैर-मुस्लिम छन् । यस तथ्यले गवाही दिन्छ कि इस्लाम तरवारले फैलिएको होइन ।

## ७. अन्य देशहरू

इन्डोनेशिया एउटा यस्तो देश हो जहाँ संसारमा सबभन्दा बढी मुसलमान

छन् । मलेशियामा मुसलमान बहुसंख्यक छ । यहाँ प्रश्न उठ्छ कि आखिर कुन मुसलमान सेना इन्डोनेशिया र मलेशिया गयो र त्यहाँका अधिकांश मानिसलाई इस्लाम कबूल गर्न बाध्य पार्‍यो ?

त्यस्तै अफ्रिकाको पूर्वी तटमा इस्लाम तीव्र गतिमा फैलिएको छ । फेरि कोही यो प्रश्न गर्न सक्छन् कि यदि इस्लाम तरवारबाट फैलिएको हो भने कुन मुसलमान सेना अफ्रिकाको पूर्वी तटतिर गएको थियो ?

## ८. थोमस कारलायलको विचार

प्रसिद्ध इतिहासकार थोमस कारलायलले आफ्नो पुस्तक Heroes and Hero Worship मा इस्लामको प्रसारसँग सम्बन्धित गलत विचारतर्फ संकेत गर्दै भनेका छन्, "तरवार ‼ र, यस्तो आफ्नो तरवार तिमीले कहाँ पाउँछौं ? वास्तविकता यो हो कि प्रत्येक नयाँ विचार आफ्नो प्रारम्भिक स्थितिमा एकको अल्पसंख्यामा हुन्छ अर्थात् खाली एउटा व्यक्तिको मस्तिष्कमा जहाँ यो अहिलेसम्म छ । पूरै संसारको एक मात्र व्यक्ति यो विचारमा विश्वास गर्दछ अर्थात् खाली एक मानिस सम्पूर्ण मानिसको मुकाबिलामा हुन्छ । त्यो व्यक्ति तरवार लिन्छ र ऊसँग प्रचार गर्ने प्रयास गर्दछ । यो उसका लागि केही पनि प्रभावशाली सावित हुँदैन । संम्पूर्ण मानिसहरूविरुद्ध तपाईं आफ्नो तरवार उठाएर हेर्नुहोस् । कुनै चिज आफैं फैलिन्छ जति त्यसले फैलिने क्षमता राख्छ ।"

## ९. धर्ममा कुनै जबरजस्ती हुँदैन

कुन तरवारले इस्लाम फैलियो ? यदि यो तरवार मुसलमानसँग हुन्थ्यो भने पनि उनीहरू यसको प्रयोग इस्लामको प्रचारका लागि गर्न सक्दैनथे किनकि पवित्र कुरआनमा भनिएको छ,

> **"(इस्लाम) धर्ममा कुनै जबरजस्ती छैन । पथभ्रष्टताबाट मार्गदर्शन स्पष्टरूपमा अलग भइसकेको छ........ ।" (कुरआन २:२५६)**

## १०. बुद्धिको तरवार

यो बुद्धि र मस्तिष्कको तरवार हो । यो त्यो तरवार हो जसले हृदय र मस्तिष्कहरूमाथि विजय प्राप्त गर्दछ । पवित्र कुरआनमा भनिएको छ,

**“हे सन्देष्टा ! मानिसहरूलाई अल्लाहको मार्गतर्फ तत्वदर्शिता एवं सदुपदेशको माध्यमबाट बोलाऊ, र तिनीहरूसित सर्वोत्तम तरीकाले वादविवाद गर । तिम्रा रब राम्ररी जान्दछन् कि को उनको मार्गबाट भ्रष्ट भएको छ र को सीधा मार्गमा छ ।” (कुरआन १६:१२५)**

## ११. संसारमा धर्मको वृद्धि तथा यूरोप र अमेरिका

रीडर्स डाइजेष्टको एउटा लेख अलमेनेक, वार्षिक पुस्तक १९८६ ई. मा संसारका सबै ठूला धर्ममा सन् १९३४ देखि सन् १९८४सम्मको करीब ५० वर्षको अवधिमा भएको वृद्धिको प्रतिशतलाई आंकलन गरिएको थियो । यो लेख Plain Truth नामक पत्रिकामा पनि प्रकाशित भएको थियो जसमा इस्लामलाई सर्वश्रेष्ठ स्थान दिइएको थियो । उक्त लेख अनुसार इस्लामको वृद्धि २३५% थियो भने ईसाईको वृद्धि ४७% मात्र थियो । यहाँ प्रश्न उठ्छ कि यस शताब्दीमा कुन युद्ध भयो जसले लाखौं मानिसहरूको धर्म परिवर्तन गरेर उनीहरूलाई इस्लाममा प्रवेश गरायो ?

आज अमेरिकामा सबभन्दा तीव्र गतिमा फैलिरहेको धर्म इस्लाम हो र यूरोपमा पनि यही धर्म सबभन्दा द्रुत गतिमा फैलिरहेकोछ । कुन तरवारले पश्चिमलाई यति ठूलो संख्यामा इस्लाम स्वीकार गर्न बाध्य पारिरहेको छ ?

# ४. मुसलमानहरू रूढिवादी र आतंकवादी

**प्रश्नः** धेरै जसो मुसलमानहरू रुढिवादी र आतंकवादी किन हुन्छन् ?

**उत्तरः** धर्म वा विश्व राजनीतिसँग संबन्धित चर्चाहरूमा यो प्रश्न प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा मुसलमानहरू तर्फ तेर्स्याइन्छ । संचारका कुनै पनि साधनमा मुसलमानहरूलाई सही मानिंदैन र इस्लाम तथा मुलमानहरूको सम्बन्धमा ज्यादै ठूलो भ्रम फैलाउने गरिन्छ र उनीहरूलाई कट्टरवादीको रूपमा देखाइन्छ । वास्तवमा यस्ता गलत जानकारीहरू र झूठा प्रचार प्रायःजसो मुसलमानहरूविरुद्ध हिंसा र पक्षपातको कारण बन्दछन् । यसको सबभन्दा स्पष्ट उदारहरण अमेरिकी संचार माध्यमहरूद्वारा मुसलमानविरुद्ध चलाइने गरेको अभियान हो जुन ओकलाहोमा बम विष्फोटपछि चलाइएको हो । प्रेसले तुरुन्त यो घोषणा गरिदियो कि यस विष्फोटको पछाडि मध्यपूर्वी षड्यन्त्रले काम गरिरहेको छ । पछि गएर अमेरिकी सेनाको एउटा जवान यो काण्डमा दोषी पाइयो ।

अब हामी मुसलमानहरू रुढिवादी र आतंकवादी हुने आरोपहरू माथि विमर्श गर्छौंः-

## १. रुढिवादीको परिभाषा

कुनै आस्था वा सिद्धान्तलाई स्वीकार गर्दै त्यसको मौलिक शिक्षाहरूको पालना गरिरहेको कुनै व्यक्तिलाई रुढिवादी व्यक्ति भनिन्छ । राम्रो डाक्टर बन्न चाहने एउटा व्यक्तिले चिकित्सासम्बन्धि मौलिक नियमहरूलाई जान्नु, त्यसको अनुसरण गर्नु र त्यसको अभ्यास गर्नु जरुरी छ । अर्को शब्दमा भन्नु पर्दा राम्रो डाक्टर बन्न चाहने व्यक्तिले चिकित्सा क्षेत्रमा रुढिवादी हुनुपर्दछ । त्यस्तै कुनै व्यक्ति राम्रो गणितज्ञ बन्न गणितका मूल नियमहरू जान्नु, तिनीहरूको अनुसरण गर्नु र अभ्यास गर्नु जरुरी छ। त्यस दृष्टिकोणमा उसले गणितको क्षेत्रमा रुढिवादी हुनुपर्दछ । यसैगरि यदि कुनै व्यक्तिलाई राम्रो वैज्ञानिक बन्नु छ भने उसले विज्ञानका मौलिक सिद्धान्तहरूलाई जान्नु, तिनीहरूको पालना गर्नु र तिनीहरूको अभ्यास गर्नु आवश्यक छ अर्थात् उसले विज्ञानको क्षेत्रमा रुढिवादी हुनुपर्दछ ।

## २. रुढिवादी शब्दको अर्थ

वेबस्टर्स (Webster's) शब्दकोषका अनुसार ‘रुढिवादी’ एउटा आन्दोलन थियो जुन बीसौं शताब्दीको प्रारम्भमा अमेरिकी प्रोटेस्टेन्ट्सद्वारा चलाइएको थियो । यो आन्दोलन आधुनिकतावादको प्रतिक्रियाका रूपमा उठेको थियो जसले केवल आस्था र नैतिकताको मात्र नभएर शब्दशः ऐतिहासिक तथ्यको रूपमा बाइवलको रूपमा सत्यतामाथि जोड दिन्थ्यो। बाइबल ईश्वरको शब्द हो भन्ने कुरामा विश्वास गर्न त्यसले जोड दिन्थ्यो। यसप्रकार रुढिवादी शब्द ईसाईको त्यस समूहका लागि प्रयोग गरिन्थ्यो जसको विश्वास बाइबल कुनै सन्देश एवं दोष विनाको ईश्वरीय शब्द हो भन्नेमा थियो। त्यस्तै अक्सफोर्ड शब्दकोष अनुसार रुढिवादीको अर्थ “कुनै पनि धर्म; विशेषतः इस्लामको मूल सिद्धान्तहरूको पालन गर्नु” हुन्छ। आजभोलि जब कुनै व्यक्ति कुनै पनि समयमा रुढिवादी शब्दको प्रयोग गर्दछ भने उसको मस्तिष्कमा तुरुन्त एक आतंकवादी मुसलमानको विचार आउँछ ।

## ३. सबै रुढिवादी एकै प्रकारका हुँदैनन्

कोही पनि एउटै व्रसबाट सबै रुढिवादीहरूलाई रंगाउन सक्दैन। सबै रुढिवादीहरूलाई राम्रो वा नराम्रोको एउटै दर्जामा राख्न सकिंदैन। कुनै पनि रुढिवादीको दर्जा उसको कार्यक्षेत्र र उसको गतिविधिमा निर्भर गर्दछ। एउटा रुढिवादी डाकु अथवा चोर समाजको लागि हानिकारक हुन्छ, त्यसैले ऊ मन नपर्ने हुन्छ। अर्कोतिर एउटा रुढिवादी डाक्टरले, समाजलाई लाभ पुऱ्याउँछ। त्यसैले ऊ सबैलाई मन पर्ने हुन्छ र उसले धेरै आदर पनि पाउँछ।

## ४. मुसलमान रुढिवादी हुनु गर्वको कुरा हो

म एउटा रुढिवादी मुसलमान हुँ र अल्लाहको कृपाबाट इस्लामका मौलिक सिद्धान्त र नियमहरूसँग परिचित छु अनि त्यसको पालनाको प्रयास गर्दछु। एक सच्चा मुसलमान हुनुमा गर्व छ किनकि म जान्दछु की इस्लामका मौलिक सिद्धान्त र नियम सम्पूर्ण मानवजाति र सारा संसारका लागि लाभदायक छ। इस्लामको कुनै पनि मौलिक सिद्धान्त यस्तो छैन जुन मानवजातिका लागि हानिकारक हुन सक्छ। धेरै मानिसहरू इस्लामको सम्बन्धमा गलत विचार राख्दछन् र इस्लामका

अनेक शिक्षाहरूलाई अनुचित मान्दछन् । यसको कारण इस्लामको अपर्याप्त तथा गलत जानकारी हो । यदि कोही खुल्ला मस्तिष्कले इस्लामका शिक्षाहरूको आलोचनात्मक विवरण लिन्छ भने उसले यस तथ्यलाई अस्वीकार गर्न सक्दैन कि इस्लाम व्यक्तिगत र सामूहिक दुबै स्तरहरूमा लाभ नै लाभले मात्र भरिएको छ ।

## ५. एउटा व्यक्तिलाई एकै कार्यका लागि दुई भिन्न उपाधिहरू 'आतंकवादी' र 'राष्ट्रवादी'

भारतको बेलायती शासनबाट स्वतन्त्रतापूर्व अहिंसाका पक्षमा नभएका केही क्रान्तिकारीहरूलाई बेलायती सरकारले आतंकवादी भन्यो । तिनै व्यक्तिहरूलाई भारतीयहरूले प्रशंसा गरे र उनीहरूलाई "देशभक्त" भने । यसप्रकार एउटा व्यक्तिलाई एउटै कामका लागि दुईवटा फरक फरक उपाधी दिइयो । एउटाले उसलाई देशभक्त भनिरहेको छ भने अर्कोले आतंवादी । ती मानिसहरू जसले भारतमा बेलायती शासनलाई उचित माने, उनीहरूले ती क्रान्तिकारीहरूलाई आतंकवादी भने जबकि अर्को जो बेलायतीहरूले भारतमा शासन गर्ने कुनै अधिकार नभएको सम्झिन्थे ती मानिसहरूले क्रान्तिकारीहरूलाई देशभक्त एवं स्वतन्त्रता सेनानीको नाम दिए । त्यसैले एउटा व्यक्तिको बारेमा फैसला गर्नुभन्दा पहिले उसको पूरै कुरा सुन्न ज्यादै महत्वपूर्ण हुन्छ । त्यस्तै दुबै पक्षको तर्क सुन्नु, स्थितिको विवरण लिनु, कारण र उद्देश्यप्रति विचार गर्नु पर्दछ । अनि मात्र त्यस व्यक्तिको बारेमा उचित फैसला गर्नुपर्दछ ।

# ५. जनावरलाई बध गर्ने तरीका

**प्रश्नः** मुसलमानहरूले जनावरहरूलाई निर्दयता साथ कष्ट दिएर किन बध गर्छन् ?

**उत्तरः** जनावरहरूलाई बध गर्ने इस्लामी तरीकाप्रति धेरै मानिसहरूले आपत्ति जनाए । यस सम्बन्धमा हामी केही बुंदाहरूमा विचार गर्दछौं जसबाट यो तथ्य प्रमाणित हुन्छ कि बध गर्ने इस्लामी तरीका मानवीय मात्र नभएर वैज्ञानिक दृष्टिबाट पनि उत्तम छ ।

जनावरलाई बध गर्ने कार्यका लागि अरबी शब्द 'जक्कैतुम' प्रयुक्त गरिन्छ । जुन क्रियापदबाट यो शब्द बनेको छ त्यसको अर्थ "पवित्र गर्नु" र "शुद्ध गर्नु" हुन्छ ।

इस्लामी तरीका अनुसार जनावरलाई बध गर्दा धारिलो छुरी वा हतियारको प्रयोग गर्नुपर्दछ ताकि त्यसबाट जनावरलाई कमभन्दा कम पीडा होस् । जनावरलाई गलातिरबाट काट्नु पर्दछ ताकि घाँटीको रक्त नली काटियोस् र घाँटीको माथिपट्टिको मेरूदण्डसँग सम्बन्ध भएको हड्डी नकाटियोस् । टाउकोलाई छुट्याउनुभन्दा अघि रगतलाई पूर्ण रूपले बाहिर बग्न दिनुपर्दछ किनकि रगतमा जीवाणु हुन्छन् । यदि मेरूदण्डको हड्डीतिरको भागलाई जनावर मर्नुपूर्व काटियो भने शरीरबाट सम्पूर्ण रगत निस्किनुभन्दा अघि नै जनावर मर्दछ र रगत त्यसको मासुमा जम्छ र मासु हानिकारक बन्दछ ।

रगतमा कीटाणु, जीवाणु, विषाणु आदि पाइन्छन् जुन अनेकौं रोगका कारण बन्दछन् । यसकारण इस्लामी तरीकाले जनावर बध गर्नाले यस्ता हानिकारक कीटाणुहरू रगत सँग सँगै बगेर शरीरबाट बाहिर निस्कन्छन् र मासु लाभदायक स्वस्थ्यकर हुनुका साथै धेरै समयसम्म ताजा रहन्छ । घाँटीको नली चाँडै काट्नाले पीडाको स्रोत मस्तिष्कतिर रक्त बहाब रोकिन्छ र जनावरले पीडाको अनुभव गर्दैन । मर्ने समयमा जनावर संघर्ष गर्दछ, कराउँछ र खुट्टा चलाउँछ जुन पीडाका कारणले नभएर रगत बग्नाले मांसपेशी खुम्चनु र फैलनुले भएको हो ।

# ६. मांसाहारी खाना

**प्रश्न:** जनावरहरूको हत्या एक निर्दयतापूर्ण कार्य हो तापनि मुसलमानहरू किन मासु खान्छन् ?

**उत्तर:** शाकाहारले अब संसार भरिमा एउटा आन्दोलनको रूप लिई सकेको छ । धेरै जसोले त यसलाई जनावरको अधिकारसँग जोड्दछन् । निश्चय नै मानिसहरूको एउटा ठूलो जमात शाकाहारी छ र मासु खाने अन्य मानिसहरूले जनावरहरूको अधिकार हनन गरेको मान्दछन् । इस्लाम प्रत्येक प्राणीप्रति स्नेह र दयाको निर्देशन दिन्छ । यसका साथै ईश्वरले पृथ्वी, बोट-विरुवा र साना ठूला हरेक प्रकारका जीव-जन्तुहरू मानिस कै लाभका लागि पैदा गरेका हुन् भन्ने कुरामा समेत जोड दिन्छ । अब यो मानिसमा नै निर्भर गर्दछ कि उसले ईश्वरले दिएका उपहार र नासोका रूपमा रहेका प्रत्येक स्रोत वा चिजको कसरी उचित रूपमा प्रयोग गर्दछ । आउनुहोस्, अब हामी निम्न कुराहरूमा विचार गरौंः-

## १. कुरआनमा मांसाहारको अनुमति

एउटा मुसलमान पूर्ण शाकाहारी हुनुका साथै एउटा राम्रो मुसलमान हुन सक्दछ । मांसाहारी हुनु एउटा मुसलमानका लागि जरुरी छैन । तर पवित्र कुरआन मुसलमानलाई मांसाहारी हुने अनुमति दिन्छ । निम्न कुरआनी आयत (श्लोक) हरू यस कुराका प्रमाण हुन् ।

> **"हे ईमानवालाहरू हो ! आफ्ना वाचाबन्धनहरूको पालन गर । तिमीहरूकालागि चौपाया जनावरहरू वैध गरिएका छन् सिवाय ती जनावरहरूको जुन तिमीहरूलाई बताइनेछ.... ।" (कुरआन ५:१)**

> **"र, जनावरहरूलाई पनि उनले नै सृष्टि गरे जसबाट तिमीहरू न्यानो वस्त्र तथा अन्य फाइदा उठाउँछौ र तीमध्ये केहीलाई खाने पनि गर्छौ ।" (कुरआन १६:५)**

> **"र, जनावरहरूमा पनि तिमीहरूकालागि ठूलो शिक्षा रहेको छ । तिनका पेटमा रहेका पदार्थबाट पिउने दूध प्रदान गर्छौं र तिनमा तिमीहरूकालागि अन्य धेरै फाइदाहरू छन् । र, तिनीहरूमध्ये केहीलाई (तिमी) खान्छौ पनि ।" (कुरआन, २३:२१)**

## २. मासु पौष्टिक आहार

मांसाहारी खाना पर्याप्त उत्तम प्रोटिनको एउटा राम्रो स्रोत हो । यसमा आठ वटै आवश्यक अमीनो एसिड पाइन्छन् जुन शरीरभित्र बन्दैनन् र पोषणतत्वद्वारा नै यसको पूर्ति गर्नुपर्दछ । मासुमा फलाम, भिटामिन बी-१ र नियासिन पनि पाइन्छ । यसरी मासुमा अनेकौं प्रकारका पौष्टिकतत्व पाइने भएकोले यो शरीरका लागि अत्यन्त जरुरी छ ।

## ३. मानिसको दाँतमा हुने क्षमता र पाचन शक्ति

यदि तपाईंले भेडा, बाख्रा, गाई जस्ता घाँस खाने जनावरहरूको दाँत हेर्नु भयो भने तपाईं यी सबैमा समानता पाउनु हुन्छ । यी सबै जनावहरूको चेप्टा दाँत हुन्छन् जुन घाँस खानका लागि उपयुक्त हुन्छन् । यदि तपाईंले सिंह, बाघ, चितुवा आदि जस्ता मांशाहारी जनावरहरूका दाँत हेर्नुभयो भने तिनीहरूमा चुच्चेदार दाँत पनि पाउनु हुन्छ जसले मासु खान मद्दत गर्दछन् । यदि मानिसहरूको दाँतको अध्ययन गरियो भने तपाईं उनीहरूका दाँत चेप्टो र चुच्चो दुबै प्रकारका भएको पाउनु हुन्छ । यसप्रकार मानिस वनस्पति र मासु दुबै खान सक्षम छन् । अब प्रश्न उठ्न सक्छ कि यदि सर्वशक्तिमान परमेश्वरले मानिसलाई घाँस वा तरकारी मात्र खुवाउन चाहन्छन् भने उसलाई चुच्चो दाँत किन दिन्छन् ? यो यस कुराको प्रमाण हो कि उनले हामीलाई मासु एवं तरकारी दुबै खाने अनुमति दिएका छन् ।

त्यस्तै शाकाहारी जनावरहरूको पाचन प्रणालीले घाँस वा तरकारी मात्र पचाउन सक्दछ भने मांसाहारी जनावरको पाचन प्रणालीले मासु मात्र पचाउने क्षमता राख्दछ । तर मानिसको पाचनप्रणालीले तरकारी र मासु दुबै पचाउन सक्दछ । यदि सर्वशक्तिमान परमेश्वरले हामीलाई तरकारी मात्र खुवाउन चाहन्छन् भने उनले हामीलाई मासु र तरकारी पचाउन सक्ने पाचन शक्ति किन दिएका छन् ?

## ४. हिन्दू धर्मग्रन्थमा मांसाहारको अनुमति

धेरै हिन्दूहरू शुद्ध शाकाहारी छन् । उनीहरूका विचार अनुसार मासु खानु धर्मविरुद्ध हो । तर वास्तविक सत्य यो हो कि हिन्दू धर्मग्रन्थले मानिसलाई मासु खाने अनुमति दिन्छ । ग्रन्थहरूमा ती साधु र सन्तहरूको वर्णन भएको छ जो मासु खाने गर्थे ।

क) हिन्दू विधीशास्त्र मनुस्मृतिको अध्याय ५ सूत्र ३० मा वर्णन गरिएको छः-

**“उनीहरू जसले तिनका मासु खान्छन्- जुन खानयोग्य छन् । तिनीहरू कुनै अपराध गर्दैनन्; बरु उनीहरू प्रतिदिन यसो गर्दछन् किनकि स्वयं ईश्वरले नै केहीलाई खाने र केहीलाई खाइने वस्तुको रूपमा पैदा गरेका हुन् ।”**

ख) मनुस्मृतिमा सोही अध्यायको सूत्र ३१ मा आएको छः-

**“मासु खानु बलिदानका लागि उचित छ यसलाई देवीप्रथा अनुसार देवताहरूको नियम भनिन्छ ।”**

ग) त्यस्तै सोही अध्यायको सूत्र ३९ र ४० मा भनिएको छः-

**“स्वयं ईश्वरले बलिका जनावरहरूलाई बलिका लागि पैदा गरे । अतः बलिको उद्देश्यबाट गरिएको बध हत्या होइन ।”**

महाभरत अनुशासन पर्व अध्याय ८८ मा धर्मराज युधिष्ठिर र पितामह भिष्मबीच भएको वार्तालापको उल्लेख गरिएको छ । जसमा कुन खाना पूर्वजहरूलाई शान्ति पुऱ्याउने उद्देश्यले उनीहरूका श्राद्धको समयमा दान गर्नुपर्दछ भन्ने कुरा उल्लेख छ । यसको प्रसँग यसप्रकार छः-

युधिष्ठिरले भने, “हे महाबली । मलाई बताउनुहोस् कि कुन चाहिँ वस्तु हो जसलाई मृत पूर्वजहरूलाई भेट चढाइएमा उनीहरूलाई शान्ति प्राप्त हुन्छ ? कुन चाहि हब्य सधैं रहन्छ ? त्यो के हो जसलाई यदि प्रस्तुत गरियो भने अनन्त कालसम्म हुन्छ ?”

भिष्मले भने, “ए युधिष्ठिर ! कुरा सुन कि त्यो कुन हवि हो जुन श्राद्ध रीतिको मध्यमा दान गर्नु उचित हुन्छ ? र, त्यो कुन फल हो जुन प्रत्येकसँग जोडिएको छ ? श्राद्धको समय सिसौंको बीउ, चामल, बाजरा, मास, पानी, जरा र फल दान गरियो भने पूर्वजहरूलाई एक महिनासम्म शान्ति हुन्छ । यदि माछा पेश गरियो भने त उनीहरूलाई दुई महिनासम्म राहत दिन्छ । भेडाको मासुले तीन महिनासम्म उनीहरूलाई शान्ति दिन्छ । त्यस्तै खरायोको मासुले चार महिनासम्म, खसीको मासुले पाँच महिना, सुँगुरको मासुले छ महिनासम्म, चराहरूको मासुले सात महिनासम्म, ‘प्रिष्टा’ नामक हरिणको मासुले आठ महिनासम्म र ‘रूरू’ नामक हरिणको मासुले उनीहरू नौ महिनासम्म शान्तिमा रहन सक्दछन् । गाभाया

(Gavaya) को मासुबाट दश महिनासम्म, भैसींको मासुबाट एघार महिनासम्म र गाईको मासुबाट पूरा एक वर्षसम्म पूर्वजहरूलाई शान्ति प्राप्त हुन्छ । यदि घिउ मिसाएर पायस (खीर) दान दिइयो भने यो पूर्वजहरूका लागि गाईको मासुसरह हुन्छ । बधरीनासा (एउटा ठूलो गोरु) को मासुबाट बाह्र वर्षसम्म र गैंडाको मासु यदि चन्द्रमाका अनुसार उनीहरूको मृत्युवर्षमा दान गरियो भने यसले उनीहरूलाई सधैँ नै सुख शान्तिमा राख्दछ । क्लास्का नामक जडिबुटी, कञ्चना फूलका पातहरू र रातो बाख्राको मासु दान दिइयो भने त्यो पनि अनन्त सुखदायी हुन्छ । त्यसकारण यो स्वभाविक हो कि यदि तिमी आफ्ना पूर्वजहरूलाई अनन्त सुख-शान्ति दिन चाहन्छौं भने तिमीले रातो बाख्राको मासु दान दिनु पर्छ ।"

हिन्दू धर्मग्रन्थले मांसाहारको अनुमति दिएको भए पनि जैन जस्ता धर्महरूबाट प्रभावित भएर धेरै हिन्दूहरूले शाकाहारी भोजन व्यवस्था अपनाए ।

## ५. रुख बिरूवामा पनि जीवन

केही धर्महरूले शुद्ध शाकाहारलाई अपनाए किनकि ती धर्मावलम्बीहरू पूर्णरूपले जीव हत्याका विरुद्धमा छन् । यदि कोही जीव-हत्या विना जीवित रहन सक्दछ भने जीवनको यो मार्ग अपनाउनेमा म पहिलो व्यक्ति हुनेछु । पहिलेका मानिसहरू बोट बिरुवामा जीवन हुँदैन भन्ने विचार राख्दथे । बोट बिरुवामा पनि जीवन हुन्छ भन्ने कुरा आज एउटा विश्वव्यापी सत्य भइसकेको छ । त्यसैले जीव-हत्या सम्बन्धमा उनीहरूको तर्क शुद्ध शाकाहारी भएर पनि पूरा हुन सक्दैन ।

शुद्ध शाकाहारी भन्नेहरू बिरुवाहरूले पीडा महसुस नगर्ने भएकाले बिरुवाहरू मार्नु जनावरहरूलाई मार्नुको तुलनामा कम अपराध हो भन्ने तर्क पनि दिन्छन् । आज विज्ञानले भन्छ कि बिरुवाले पनि पीडाको अनुभव गर्दछ तर उनीहरूको आवाज मानिसद्वारा सुन्न सकिंदैन । यसको कारण बिरुवाको आवाज मानिसको सुन्न सक्ने क्षमताको सीमाभन्दा बाहिर हुनु हो । स्वस्थ श्रवणशक्ति भएको मानिसले २० हर्टजदेखि २०,००० हर्टजभन्दा कम वा बढी हुने कुनै पनि वस्तुको आवाज सुन्न सक्दैन । एउटा कुकुरमा यस्तो क्षमता ४०,००० हर्टजसम्म सुन्न सक्ने हुन्छ । त्यसै गरी एउटा चुपचाप रहेको कुकुरको ध्वनिको लहर २०,००० देखि ४०,००० हर्टजसम्म हुन्छ । यी ध्वनिहरूलाई कुकुरले मात्र सुन्न सक्दछ, मानिसले सक्दैन ।

अमेरिकाको एउटा किसानले एउटा मेशिनको आविष्कार गरेको छ जसले बिरुवाको स्वरलाई उच्च आवाजमा परिवर्तित गर्दछ जसलाई मानिसले सुन्न सक्दछ । जुन बेला बिरुवा पानीकालागि कराउँछ त्यो किसानलाई यसको तुरुन्त ज्ञान हुन्छ । वर्तमान अध्ययनबाट यो तथ्य उजागर हुन्छ कि बिरुवा पनि पीडा, दुःख र सुखको अनुभव गर्दछ र त्यो कराउँछ पनि

## ६. दुई इन्द्रियबाट वञ्चित प्राणीको हत्या कम अपराध होइन

एक पटक एउटा शाकाहारीले आफ्नो पक्षमा तर्क दियो कि बिरुवामा दुई अथवा तीन इन्द्रियहरू हुन्छन् र जनावरमा पाँच इन्द्रियहरू हुन्छन् । त्यसैले बिरुवाको हत्या जनावरको हत्याको तुलनामा सानो अपराध हो । कल्पना गर्नुहोस् कि यदि कुनै व्यक्ति जन्मँदै लाटो र बहिरो छ जसले गर्दा अर्को व्यक्तिको तुलनामा उसका दुई इन्द्रिय कम हुन्छन् । ऊ जवान भएपछि कसैले उसको हत्या गर्दछ भने के तपाईं दुई इन्द्रिय कम भएको व्यक्ति मारेकाले दोषीलाई कम दण्ड दिन न्यायधीशलाई भन्नुहुन्छ ? वास्तवमा त्यस अपराधीले एक निर्दोषको हत्या गऱ्यो । त्यसैले उसलाई कडाभन्दा कडा सजायँ दिनलागि न्यायधीशलाई अपिल गर्नुपर्दछ ।

पवित्र कुरआनमा भनिएको छ,

**“हे मानव ! धर्तीमा रहेका वैध (हलाल) एवं पवित्र वस्तुहरूमध्येबाट खाऊ .............. ।” (कुरआन २:१६८)**

**प्रश्नः** मानिस जे खान्छ त्यसको प्रभाव मानिसको व्यवहारमा पर्दछ भन्ने कुरा विज्ञानबाट थाहा भइसकेको छ । फेरि किन इस्लामले मुसलमानहरूलाई मांसाहारी भोजन खान अनुमति दिन्छ ? के जनावरको मासु खानाले मानिस हिंस्रक र निर्दयी बन्न सक्दैन ?

**उत्तरः** मानिस जे खान्छ त्यसको प्रभाव मानिसको व्यवहारमा पर्दछ भन्ने कुरा सही हो । यो पनि एउटा कारण हो जसले गर्दा इस्लामले सिंह, वाघ, चितुवा जस्ता मांशाहारी जनावरको मासु खान निषेध गरेको छ । यस्ता जनावरहरूको मासुको सेवनले व्यक्तिलाई हिंस्रक र निर्दयी बनाउन सक्दछ । इस्लाम भैंसी, बाख्रा, भेडा आदिजस्ता शाकाहारी, शान्तिप्रिय र सिधासाधा जनावरहरूको मात्र मासु खान अनुमति दिन्छ ।

पवित्र कुरआनमा भनिएकोछ,

**"जो उम्मी ईशदूत (मुहम्मद) को अनुसरण गर्छन्; जसका गुणहरू तिनीहरूसँग रहेको तौरात तथा इन्जीलमा उल्लेखित छन्; जसले तिनीहरूलाई सत्कर्मको आदेश दिन्छन् र कुकर्मबाट रोक्छन् र पवित्र वस्तुहरूलाई तिनीहरूका लागि वैध तथा अपवित्र वस्तुहरूलाई अवैध गर्छन् अनि तिनीहरूमाथि लादिएको बोझलाई झार्छन्; त्यस बन्धनलाई खोल्छन् जसमा तिनीहरू जकडिएका थिए......... ।" (कुरआन ७:१५७)**

अर्थात् पैगम्बर मानिसहरूका लागि ती चिजहरूलाई वैध ठहऱ्याउँछन् जुन असल तथा पवित्र छन् र ती चिजहरूबाट रोक्दछन् जुन खराब र अपवित्र छन् ।

त्यस्तै अर्को ठाउँमा भनिएको छ,

**"..........रसूलले तिमीहरूलाई जेजति प्रदान गर्छन् त्यसलाई ग्रहण गर र जुन कुराबाट उनले तिमीहरूलाई रोक्छन् त्यसबाट अलग रहने गर । र, अल्लाहको भय गर......... ।" (कुरआन ५९:७)**

पैगम्बरको आदेश एउटा मुसलमानलाई सन्तुष्ट गर्नका लागि पर्याप्त छ । मानिसले हरेक प्रकारका मासु खाऊन भन्ने ईश्वर चाहँदैनन् । त्यसैले मानिसहरूलाई केही जनावरको मात्र मासु खान अनुमति दिएको छ ।

मांसाहारी जनावरसँग सम्बन्धित सहीह बुखारी र सहीह मुस्लिममा वर्णित हदीसहरूमा मुहम्मद (स.) ले निम्नलिखित जनावरको मासु खान मनाही गर्नुभएकोछः-

क) चुच्चो दाँत भएका अर्थात् बिरालो प्रजातिमा पर्ने बाघ, सिंह, चितुवा, कुकुर, स्याल, ब्वाँसो आदि जस्ता मांशाहारी जनावरहरू;

ख) मुसा, पंजा भएको खरायो जस्ता विशेष प्रकारका जमीन खोतल्ने जनावरहरू;

ग) तिखो चुच्चो र पञ्जाद्वारा शिकार गर्ने गिद्ध, चील, काग, उल्लू आदि जस्ता चराहरू;

घ) साँप, गोही जस्ता घस्रेर हिंड्ने जनावरहरू

**प्रश्नः** इस्लाममा सुँगुरको मासु खान किन मनाही गरिएको हो ?

**उत्तरः** इस्लाममा सुँगुरको मासु अवैध भएको वास्तविकताबाट सबै परिचित छन् । कुरआनमा कम से कम चार ठाउँमा सुँगुरको मासुको प्रयाग अवैध र निषेध गरिएको छ । यस कुरालाई तपाईंले कुरआनको २:१७३, ५:३, ६:१४५ र १६:११५ मा हेर्न सक्नुहुन्छ । पवित्र कुरआनको निम्न आयत इस्लाममा सुँगुरको मासुलाई किन अवैध गरिएको हो भन्ने कुरा स्पष्ट पार्न पर्याप्त हुन्छ ।

**"मरेका (जनावरहरू), रगत, सुंगुरको मासु, अल्लाहबाहेक अरू कसैको नाम लिइएका (जनावर), घाँटी थिचेर मारिएका, चोटपटकले मरेका, माथिबाट लडेर मरेका, सिङ लागेर मरेका र कुनै हिंस्रक जनावरले खाएका जनावरहरू तिमीहरूकालागि अवैध गरिएका छन्............ ।" (कुरआन ५:३)**

सुँगुरको मासु अवैध भएको कुरा कुरआनमा मात्र होइन बाइबलमा समेत उल्लेख भएको पाइन्छ । इसाईहरूलाई धार्मिक ग्रन्थ बाइबलको सन्दर्भ बताउँदै सुँगुरको मासु अवैध भएको कुरा संझाउन सकिन्छ । बाइबलमा यसको निषेधको उल्लेख लैव्य व्यवस्था (Book of Leviticus) मा भएको छः-

**"सुँगुर जुन चिरिएका अर्थात् फाटेका खुर भएको हुन्छ तर उघ्राउने (पागुर) गर्दैन त्यसकारण त्यो तिम्रालागि अशुद्ध छ । यसको मासुमध्येबाट केही नखानू र त्यसको लोथ पनि नछुनू, यो तिम्रालागि अशुद्ध छ ।" (लैव्य व्यवस्था ११/७-८)**

यसरी नै बाइबलको ब्यवस्था विवरण (Book of Deuteronomy) मा पनि सुँगुरको मासु निषेध भएको उल्लेख छ ।

**"अनि सुँगुर जुन चिरिएका खुरको हुन्छ । तर उघ्राउने (पागुर) गर्दैन यसकारण त्यो तिम्रालागि अशुद्ध छ । तिमीले त्यसको मासु पनि नखानू र त्यसको लोथ पनि नछुनू ।" (१४/८)**

इसाईहरूबाहेक अन्य गैर-मुस्लिमहरू सुँगुरको मासु अवैध भएको सम्बन्धमा बुद्धि, तर्क र विज्ञानको सन्दर्भबाट मात्र संतुष्ट हुन सक्छन् । सुँगुरको मासुबाट कमसेकम सत्तरी किसिमका विभिन्न रोगहरू जन्म लिन्छन् । कुनै व्यक्तिको शरीरमा विभिन्न प्रकारका जुकाहरू (Helminthes) हुन सक्दछन्, जस्तैः गोलाकार जुका, नाम्ले किरा आदि । सबभन्दा बढी घातक नाम्ले किरा (Tape worm) हो । यो धेरै

लामो हुन्छ र आन्द्रामा रहन्छ । यसको फुल रगतमा मिसिएर शरीरका लगभग सम्पूर्ण अंगमा पुग्दछ । यदि यो किरा मस्तिष्कमा पुग्यो भने मानिसको स्मरण शक्ति समाप्त हुन्छ । यदि यो मुटुमा पुग्यो भने हृदयगति बन्द हुनुको कारण बन्दछ । यदि यो आँखामा पुग्यो भने यसले मानिसको देख्ने शक्ति समाप्त गरिदिन्छ । यदि यो मुटुमा पुग्यो भने त्यसले ठूलो क्षति पुऱ्याउँछ । यसरी यो किराले शरीरमा विभिन्न अंगहरूको क्षति पुऱ्याउने क्षमता राख्दछ । नाम्ले किरा (Tape worm) वा Taenia Solium बाहेक अर्को घातक किरा Trichura Tichurasis हो ।

यदि सुँगुरको मासुलाई राम्रोसँग पकायो भने मासुभित्र फस्टाइरहेका किराहरूका अण्डा नष्ट हुन्छन् भन्ने भ्रम रहेको छ । अमेरिकामा गरिएको एउटा चिकित्सकीय शोध अनुसार Trichura Tichurasis को शिकार भएका चौबिस व्यक्तिहरूमध्ये बाइस जनाले सुँगुरको मासु राम्ररी पकाएर खाने गरेको तथ्य प्रकाशमा आएको छ । यसबाट यो प्रस्ट हुन्छ कि सामान्य तापक्रममा सुँगुरको मासु पकाउनाले यी घातक किराहरूका अण्डा नष्ट हुन सक्दैनन् ।

सुँगुरको मासुमा मांसपेशीलाई मजबुत पार्ने तत्व ज्यादै कम हुन्छन्, यसको विपरित मोटोपन पैदा गर्ने तत्व अधिक मात्रामा रहेको हुन्छ । मोटोपन उत्पन्न गर्ने यो तत्व रगतका नशाहरूमा प्रवेश गर्दछ तथा उच्च रक्तचाप तथा हृदयघातको कारण बन्दछ । यसमा कुनै आश्चर्यको कुरा छैन कि पचास प्रतिशतभन्दा बढी अमेरिकी अत्यन्त मानसिक तनाव (हाइपरटेन्शन) को शिकार छन् । यसको मुख्य कारण यो हो कि उनीहरू सुँगुरको मासुको प्रयोग गर्दछन् ।

पृथ्वीमा पाइने जनावरहरूमध्ये सुँगुर सबभन्दा फोहोरी जनावर हो । यो मानिस र अन्य जनावरहरूको शरीरबाट निस्किएको फोहोर (मलमुत्र) खाएर बाँच्दछ र हुर्कन्छ-बढ्छ । यस जनावरलाई ईश्वरले आफ्नो धर्तिमा फोहोर सफा गर्ने उद्देश्यले पैदा गरेका हुन् । मानिसका लागि आधुनिक शौचालय नभएका गाउँ र दुर्गम स्थानहरूमा मानिसहरू खेत, बारी जंगलजस्ता खुला वातावरणमा दिसा, पिसाब (शौच) गर्दछन् र प्रायःजसो सुँगुरले नै त्यस फोहोरलाई सफा गर्दछ । केही मानिसहरूको तर्क अनुसार अष्ट्रेलियाजस्ता केही देशहरूमा ज्यादै सफा सुग्घरका साथ स्वास्थ्य सुरक्षालाई ध्यानमा राखी अनुकुल वातावरणमा सुँगुरको पालनपोषण गरिन्छ । स्वास्थ्य सुरक्षाको दृष्टिमा राखेर अनुकुल र स्वच्छ वातावरणमा सुँगुरलाई राख्नु राम्रो कुरा हो । तपाईं त्यसलाई स्वच्छ र सफा राख्न जतिसुकै कोशिस

गर्नुहोस् तर वास्तविकता यो छ कि प्राकृतिक रूपबाट उसभित्र फोहोर मन पराउने आदत रहिरहन्छ । त्यसकारण त्यसले आफ्नो र अन्य सुँगुरको शरीरबाट निस्किएको फोहर खान चुक्दैन ।

यस पृथ्वीमा पाइने जनावरहरूमध्ये सुँगुर सबभन्दा निर्लज्ज जनावर हो । यो मात्र एउटा यस्तो जनावर हो जसले आफ्ना साथीहरूलाई बोलाएर आफ्नो पोथीसँग यौन इच्छा पूरा गर्न लगाउँछ । अमेरिकामा प्रायः मानिसहरू सुँगुरको मासु खान्छन् जसको परिणामस्वरूप कैयन पटक डान्स पार्टी सकिएपछि एकरातका लागि आफ्ना पत्नीहरू साटासाट गरी यौन इच्छा पूरा गर्ने गर्दछ । सुँगुरको मासु खानाले त्यसको एकदम निर्लज्ज आदत मानिसमा उत्पन्न भएको हो । भारतका ठूला शहरहरूमा समेत पत्नी साटासाट गर्ने घिनलाग्दो र लज्जापूर्ण प्रथा उच्च र सम्पन्न भनाउँदा वर्गहरूमा सामान्य हुन थालेको कुरा Isaland नामक पत्रिकाको एउटा लेखमा उल्लेख भएको छ ।

छोटकरीमा भन्नु पर्दा इस्लाममा सुँगुरको मासुलाई अवैध मान्नुका कारणहरू यसप्रकार छन् -

क)  सुँगुरको मासु धेरै रोगहरूको कारण हो ।

ख)  सुँगुरको मासुमा शरीर मजबूत पार्ने तत्वको कमी र मोटोपन बढाउने तत्वको बाहुल्यता हुन्छ ।

ग)  सुँगुर सबभन्दा फोहोरी जनावर हो ।

घ)  सुँगुर सबभन्दा निर्लज्ज जनावर भएकाले त्यसको मासु खाने मानिसमा त्यस्तै स्वभाव उत्पन्न हुन सक्दछ ।

# ७. काबाको पूजा

**प्रश्नः** इस्लाम मूर्ति पूजाको विरुद्धमा छ तापनि यसको के कारण हो कि मुसलमानहरू आफ्नो नमाज (प्रार्थना) मा काबा तिर झुक्छन् र त्यसको पूजा गर्दछन् ?

**उत्तरः** काबा किला हो अर्थात् त्यो दिशा जता मुसलमानहरू नमाजको समयमा आफ्नो अनुहार फर्काउँछन् । मुसलमानहरू काबातिर अनुहार फर्काउँछन् तथापि उनीहरू काबाको पूजा गर्दैनन् भन्ने कुरा स्पष्ट हुनुपर्दछ । मुसलमानहरू एक ईश्वरबाहेक अरू कसैको पूजा गर्दैनन् र अरू कसैको अगाडि झुक्दा पनि झुक्दैनन् । कुरआनमा भनिएको छ,

> **"(हे नबी !) तिमीले घरि-घरि आकाशतिर अनुहार फर्काएर हेरेको हामीले देखिरहेका छौं । निश्चय नै हामी तिम्रो अनुहारलाई तिमीलाई मन पर्ने "क़िब्ला" तिर नै फर्काइदिनेछौं । लौ त आफ्नो अनुहारलाई मस्जिदे ह़राम (अर्थात् काअ़बा) तिर फर्काऊ । (हे आस्थावानहरू हो !) तिमीहरू जहाँसुकै भए पनि आफ्नो अनुहार (नमाज़मा) त्यसैतर्फ गर । अह्ले-किताबलाई यो (क़िब्ला परिवर्तन) तिनीहरूका पालनकर्ताको तर्फबाट आएको हो.............. ।" (कुरआन २:१४४)**

उदाहरणको रूपमा मुसलमानहरू नमाज पढ्दा केहीले उत्तरतिर मुख फर्काउने र केहीले दक्षिणतिर मुख फर्काउने संभावना थियो । एक मात्र वास्तविक स्वामीको भक्तिमा मुसलमानहरूलाई संगठित गर्नका लागि उनीहरू जहाँसुकै भए पनि आफ्नो अनुहार समान दिशा काबातिर नै गरून् भन्ने आदेश दिइयो । यसप्रकार काबाको पश्चिम रहने मुलमानहरूले पूर्वतिर आफ्नो अनुहार फर्काउनुपर्दछ भने काबाको पूर्व रहने मुसलमानहरूले पश्चिमतिर आफ्नो अनुहार फर्काउनुपर्दछ ।

मुसलमानहरू जब मक्का स्थित मस्जिदे-हराम (प्रतिष्ठित मस्जिद) जान्छन् तब त्यसको परिक्रमा (तवाफ) गर्दछन् । यो कार्य एक ईश्वरमा विश्वास राख्ने र एकै ईश्वरको उपासना गर्नुको प्रतिकात्मक प्रदर्शन हो । जसरी वृत्ताकार क्षेत्रको एउटा केन्द्रीय बिन्दु हुन्छ त्यसरी नै ईश्वर पनि एक मात्र छन् जो पूजनीय छन् ।

काबामा राखिएको “हज्रे-अस्वद” (काला पत्थर) सँग सम्बन्धित दोश्रो इस्लामी शासक उमर (रजि.) द्वारा एउटा कथन उल्लेख गरिएकोछ । हदीसको प्रसिद्ध पुस्तक ‘सहिह बुखारी’ दोश्रो भागको अध्याय हज, पाठ ५६ हदीस नं. ६७५ का अनुसार उमर (रजि.)ले भन्नुभयो,

**“मलाई थाहा छ तिमी एउटा पत्थर हौ । न तिमी कसैलाई फाइदा पुऱ्याउन सक्छौं र न नोक्सान नै र मैले अल्लाहका रसूल मुहम्मद सल्लल्लाहु अलैहि व सल्लम ले तिमीलाई छुँदै (र चुम्दै) गरेको नदेखेको भए म कहिल्यै पनि तिमीलाई छुने (चुम्ने) थिइन ।”**

अल्लाहका रसूल मुहम्मद (स.) का समयमा मानिसहरू काबामा चढेर अजान (नमाजका लागि डाक्नु) दिन्थे भन्ने कुरा इतिहासबाट सिद्ध भएको छ । अब मुसलमान काबाको उपासना गर्दछन् भन्ने आरोप लगाउनेहरूसँग सोध्नु पर्दछ कि कुन चाहिँ मूर्तिपूजक मूर्तिमा चढेर उभिन्छ ?

# ८. गैर-मुस्लिमलाई मक्का प्रवेशमा रोक

**प्रश्न:** गैर-मुस्लिमहरूलाई मक्का र मदीनामा जाने अनुमति किन दिइँदैन ?

**उत्तर:** इस्लामी धर्मविधान (शरीअत) अनुसार गैर-मुस्लिमहरूलाई मक्का र मदीना जाने अनुमति दिइँदैन भन्ने कुरा सही हो । यस सम्बन्धमा तपाईं भन्नुहोस् के कुनै देशका सम्पूर्ण नागरिकलाई देशका सबै स्थान वा कार्यालय प्रवेशमा पूर्ण स्वतन्त्रता हुन्छ ? अवश्य हुँदैन भन्ने जवाफ आउँछ किनकि हरेक देशमा यस्ता केही स्थानहरू हुन्छन् जहाँ सामान्य नागरिकलाई प्रवेश गर्ने अनुमति हुँदैन । यसको उदाहरणका रूपमा फौजी (सैनिक) इलाकालाई लिन सकिन्छ । त्यस्ता ठाउँमा ती नागरिकलाई मात्र प्रवेशको अनुमति हुन्छ जो सुरक्षा वा त्यससँग सम्बन्धित र रक्षा विभागसँग सम्बन्धित छ ।

इस्लाम एउटा विश्वव्यापी धर्म हो जुन सम्पूर्ण संसार र सम्पूर्ण मानवताका लागि हो । धार्मिक दृष्टिबाट हेर्ने हो भने इस्लामका फौजी क्षेत्र दुई पवित्र स्थानहरू 'मक्का र मदीना' हुन् । इस्लाममा विश्वास राख्ने र इस्लामको सुरक्षामा लागेका व्यक्ति वा मुसलमानहरूलाई मात्र यी दुई ठाउँमा प्रवेश गर्ने अनुमति हुन्छ । जसरी सामान्य नागरिकले फौजी क्षेत्रमा प्रवेश निषेधप्रति आपत्ति गर्नु बुद्धि र विवेकविरुद्ध हुन्छ त्यसरी नै इस्लाममा विश्वास नराख्नेहरूले पनि मक्का र मदीनामा गैर-मुस्लिमहरूको प्रवेश निषेधप्रति आपत्ति प्रकट गर्नु र त्यसलाई मान्नु अनुचित हुन्छ ।

कुनै व्यक्ति जब कुनै देशको यात्राको इच्छा गर्दछ भने उसले सबभन्दा पहिले उक्त देश प्रवेशको प्रवेषाज्ञा (Visa) प्राप्त गर्नका लागि निवेदन गर्नुपर्दछ । प्रत्येक देशको आफ्नै प्रकारका नियम, कानून हुने भएकाले सन्तोषप्रद ढंगबाट नियमहरूलाई पूरा नगरेसम्म प्रवेषाज्ञा जारी हुँदैन । प्रवेषाज्ञा दिन कठोरता देखाउने मुलुकहरूमध्ये अमेरिका एक हो । विशेष गरी जब प्रवेषाज्ञा तेश्रो मुलुकको कुनै देशको नागरिकका लागि जारी गर्नुछ भने अमेरिकाको तर्फबाट प्रवेषाज्ञा जारी गर्नुपूर्व अनेकौं नियम र शर्तहरू पूरा गराइन्छ । सिंगापुरमा त अध्यागमन फारममा नै "मादक पदार्थको व्यवसाय गर्नेहरूका लागि मृत्युदण्ड सजायँ छ" भन्ने लेखिएको हुन्छ । यदि हामीलाई सिंगापुर जानुछ भने हामीले ती कानूनहरूको पालना

गर्नुपर्छ। मृत्युदण्डको सजायँ क्रुरतामा आधारित छ भनेर हामी भन्न सक्दैनौं। यदि हामी ती नियम र शर्तहरूसँग सहमत छौं भने मात्र हामीलाई इच्छा अनुसार सम्बन्धित देश जाने अनुमति दिन सकिन्छ।

मक्का र मदीनामा प्रवेशका लागि आधारभूत शर्त

**"ला इलाह इल्लल्लाह् मुहम्मदुर्रसूलुल्ला"** पढ्नु हो- जसको अर्थ हुन्छ "अल्लाहबाहेक अरू कोही पूज्य छैन र मुहम्मद उनका सन्देशवाहक हुन्।"

# ९. रक्सी अवैध (वर्जित)

**प्रश्नः** इस्लाममा रक्सी किन अवैध (हराम) छ ?

**उत्तरः** रक्सी मानवजातिका लागि सधैं एक अभिशाप रहेको छ । यसको सेवनबाट धेरै मानिसहरूको मृत्यु हुँदै आइरहेको छ । यसको सेवन संसारभरिका लाखौं मानिसहरूका लाीग दुःख र पीडाको कारण बन्दै आइरहेको छ । मदिरा मानव समाजमा आइपर्ने विभिन्न कष्टहरूको सांसारिक कारण रहेको छ । जसरी अपराधको दर दिन प्रतिदिन बढ्दै गइरहेको छ, मानिसहरूको मानसिक रोगहरूको बढोत्तरी भइरहेको छ र लाखौं मानिसहरूको पारिवारिक जीवन छिन्नभिन्न भइरहेको छ, यी सबैका पछाडि रक्सीको मौन विध्वंसकारी शक्ति कार्य गरिरहेको छ ।

पवित्र कुरआनमा निम्न लिखित आयतमा रक्सीलाई निषेधको उल्लेख गरिएकोः-

**“हे आस्थावानहरू हो ! मदिरा, जुवा, थान, तीर (हानेर भाग्य पत्ता लगाउने कार्य) यी सबै अति घृणित शैतानी कार्यहरू हुन् । यिनबाट बच ताकि सफल होऊ ।” (कुरआन ५:९०)**

त्यस्तै बाइबलमा पनि रक्सी सेवनलाई अवैध मानिएको छ :-

क) “दाखमधु, ठट्टा गर्ने र मदिरा हल्ला मचाउने हुन् जो कोही त्यसको कारण भूल गर्छ, ऊ बुद्धिमान् होइन ।” (नीति वचन २०/१)

ख) “रक्सीले मात्तिने नबन ।” (इफसियो ५/१८)

इस्लाममा रक्सीलाई अवैध (वर्जित) गर्नुका केही प्रमुख कारणहरू यसप्रकार छन्:-

## १. रक्सीले मानिसको सहनशक्तिलाई क्षति पुऱ्याउँछ

मानिसको मस्तिष्कमा एउटा अवरोधक केन्द्र (Inhibitory Center) हुन्छ । यसले मानिसलाई गलत कार्यबाट रोक्दछ । जस्तै यस केन्द्रले मानिसलाई आफ्ना मातापिता वा ठूलावडासँग कुरा गर्दा गाली गलौज तथा अपशब्द प्रयोग गर्नबाट रोक्छ । कुनै मानिसलाई अरू मानिसको अगाडि शौच नगरी शौचालयको प्रयोग गर्न यसै केन्द्रले बाध्य बनाउँछ । जब कुनै व्यक्तिले रक्सीको प्रयोग गर्दछ तब उसको यो अवरोधक केन्द्रको अवरोध गर्ने शक्ति नाश हुन्छ । त्यसैले रक्सीजस्ता

पदार्थमा लिप्त व्यक्तिले प्रायः उसको नियमित आदत तथा गुणभन्दा एकदम फरक व्यवहार देखाउने गर्दछ। त्यस्तो अवस्थामा उसले आफूभन्दा ठूलासँग वा आदरणीय व्यक्तिसँग पनि अति तल्लो स्तरका गालीका शब्द प्रयोग गर्ने गर्दछ। रक्सीले कुनै कुनै मात्तिएका व्यक्तिले त कपडामा नै दिशा, पिसाब गर्ने, ठीकसँग हिंड्न र बोल्न नसक्ने र सबै कपडा खोलेर नाङ्गै हुनेजस्ता घृणित कृयाकलापसमेत देखाउने गर्दछ।

## २. रक्सी पिउनेहरूबाटै व्यभिचारका घटनाहरू हुने गर्दछन्

संसारमा जति पनि व्यभिचार, बलात्कार, आफन्त बीचको यौनसम्बन्ध र एड्स जस्तो भयानक रोगको प्रसार सबै प्रायः रक्सीकै कारणबाट हुने गर्दछन्। National Crime Victimization Survey Bureau of Justice (U.S. Department of Justice) का अनुसार सन् १९९६ मा प्रत्येक दिन २७१३ वटा बलात्कारका घटनाहरू भए। आंकडा अनुसार अधिकांश यी घटनाहरू रक्सीले मात्तिएको अवस्थाका मानिसहरूबाट नै भएका थिए। महिलामाथि दुर्व्यवहारका घटना प्रायः रक्सी पिउनेहरूबाट नै हुने गर्दछ। तथ्याँक अनुसार ८% अमेरिकीहरू आमा-बाबु, भाइ-बहिनीजस्ता पवित्र नाता भएका व्यक्तिहरूसँगको यौन सम्बन्धमा लिप्त हुने गर्दछन्। यसको अर्थ प्रत्येक १२/१३ जनामध्ये एक अमेरिकी आफ्नै नजिकका पवित्र नाता पर्ने व्यक्तिसँगको यौन सम्बन्धमा लिप्त हुने गर्दछ। यसप्रकारका धेरैजसो घटनामा महिला र पुरुष दुबै वा दुईमध्ये एक रक्सीले बेहोसीको अवस्थामा हुने गरेको पाइएको छ। भयानक रोग एड्स फैलिनुको मुख्य कारण रक्सीको सेवन नै हो। रक्सी पिएर बेहोसीको अवस्थामा जहाँसुकै, जोसुकै बीच असुरक्षित यौन सम्बन्ध राख्नाले एड्स फैलिएको हो।

प्रत्येक व्यक्ति शुरुमा आफू कम पिउने वा सोसियल ड्रिंकर भएको र पिउने लत नभएको दाबी गर्छ। शोधकर्ताहरूका अनुसार प्रत्येक व्यक्ति शुरुमा त सोसियल ड्रिंकर नै हुन्छ तर रक्सी पिउने क्रममा एक पटक पनि मदमस्त भएको हुँदैन भनेर भन्न सकिंदैन। त्यस्तो नशाको अवस्थामा उसले अवस्य कुनै न कुनै अस्वभाविक व्यवहार देखाएकै हुन्छ। मानौं कुनै व्यक्ति एक पटक मात्र भए पनि रक्सी पिएर मात्तियो र त्यस अवस्थामा उसले बलात्कार वा त्यस्तै अरू कुनै जघन्य अपराध गर्न पुग्यो भने उक्त सरल स्वभाव भएको व्यक्तिले आफ्नो कुकृत्यप्रति खेद र पश्चाताप गर्दै जीवन बिताउनु पर्ने हुन्छ। उसले जिन्दगीभरि अपराधको

बोझ बोक्नु पर्ने हुन्छ । पीडित व्यक्तिको पीडा तथा क्षतिको पूर्ति कुनै प्रकारले पनि सम्भव हुन सक्दैन ।

## ३. मुहम्मद (स.) ले पनि रक्सीलाई अवैध भन्नुभएको छ ।

अल्लाहका रसूल मुहम्मद (स.) भन्नुहुन्छः-

**"सम्पूर्ण खराबीको जड रक्सी हो र निर्लज्जताका चिजहरूमध्येको सबभन्दा ठूलो हो ।" "प्रत्येक ती चीज जसको धेरै मात्राले नशा पैदा गर्दछ, त्यसको थोरै परिमाण पनि अवैध छ ।" (हदीस इब्ने -माजा)**

रक्सी पिउने मानिसहरूलाई मात्र धिक्कारिएका छैन, रक्सीको कारोबार गर्ने मानिसहरूलाई पनि ईश्वर र ईश्वरका रसूलका तर्फबाट धिक्कारिएको छ । अनस (रजि.) का अनुसार ईश्वरका दूत मुहम्मद (स.) ले भन्नुभयो

**"रक्सीसँग सम्बन्धित दस मानिसलाई अल्लाहको तर्फबाट धिक्कारिएको छ । जसले त्यसलाई निचोर्छ वा तयार गर्दछ, जसकालागि तयार गरिएको हो, त्यो पिउने व्यक्ति, त्यसलाई पुऱ्याउने वा पठाउने, जो मार्फत त्यो पठाइएको छ, जसलाई रक्सी पेश गरिएको छ, त्यो बेच्ने व्यक्ति, त्यसको आम्दानीबाट फाइदा लिने व्यक्ति, त्यसलाई आफ्नो वा अरूकालागि किन्ने व्यक्ति ।" (हदीसः इब्ने -माजा)**

## ४. रक्सीका कारणले रोग उत्पन्न हुन्छ

रक्सीलाई निषेध गर्नुका वैज्ञानिक कारणहरू छन् । मृत्युका धेरै घटना हुनुको कारण रक्सी पिउनु हो । हरेक वर्ष लाखौं मानिसहरू यसको सेवनले मृत्युको मुखमा पुग्दछन् । रक्सीको सेवनबाट हुने दुष्प्रभावका बारेमा सबै परिचित नै भएकाले यहाँ ती सबै सबिस्तार चर्चा गर्नु जरुरी छैन । रक्सीबाट हुने रोगहरूको संक्षिप्त सूची प्रस्तुत गर्नु नै अहिलेका लागि पर्याप्त हुन जान्छ ।

क) रक्सी र मादक पदार्थको सेवनबाट हुने एउटा प्रमुख रोग कलेजो सूत्रण रोग (Cirrhosis of Liver) हो ।

ख) टाउको, गर्दन, कलेजो/आन्द्रा, ग्रासनली (Oesophagus) आदिको क्यान्सर ।

ग) Oesophagitis, Gastritis, Pancreatitis, Hepatitis जस्ता रोगहरू रक्सीको सेवनबाट नै हुने गर्दछन् ।

घ) Cardiomyopathy, Hypertension, Coronary Artherosclerosis, Angina, हृदयघात जस्ता रोगहरू रक्सीको सेवनबाट हुने गर्दछन् ।

ङ) Strokes, Apoplexy, बेहोसी र विभिन्न प्रकारका पक्षाघात (Paralysis) जस्ता रोगहरू पनि रक्सीसँग सम्बन्धित छन् ।

च) Peripheral Neuropathy, Cortical Atrophy, Cerebellar Atrophy जस्ता प्रमुख Syndromes मदिराका देन हुन् ।

छ) रक्सीको सेवनले शरीरमा Thiamine को कमी हुन्छ । यसले गर्दा Wernicke-Korsakoff रोग पैदा हुन्छ यसले परिणाम स्वरूप स्मरण शक्तिमा ह्रास हुनुका साथै विभिन्न प्रकारका पक्षाघात देखा पर्दछन् ।

ज) Delerium Tremens एउटा घातक Complication हो जुन रक्सी सेवन गर्नेलाई घरीघरी हुने Infection को दौरान वा अपरेशन (Operation) पछि उत्पन्न हुन्छ । यस रोगले परहेजको अन्तरालमा वा त्यसपछि पनि आफ्नो प्रभाव छोड्छ । राम्रो उपचारको बावजुद समेत यो मृत्युको कारण बन्छ ।

झ) बेरीबेरी रोग तथा अन्य प्रकारका कमीका रूपमा देखापर्ने रोगहरू अक्सर रक्सी सेवन गर्नेहरूमा नै देखा पर्दछन् । रक्सी सेवन गर्नेहरूको भित्र Pellagra समेत देखापर्दछ ।

ञ) अनेक प्रकारका Endocrime Disorders को सम्बन्ध रक्सी पिउनेहरूसँग नै हुन्छ । Myxodema देखि लिएर Hyperthyroidism तथा Florid Cushing Syndrome सम्मका सम्पूर्ण रोगहरू रक्सी सेवनको दुष्प्रभावबाट प्रकट हुन्छ ।

ट) Hematological सँग सम्बन्धित दुष्प्रभाव विभिन्न प्रकारका हुन्छन् जुन धेरै दिनसम्म बाँकी रहन्छ । Folic Acid को कमी रक्सी सेवनका कारणले हुन्छ । यसको परिणाम स्वरूप Macrocytic Anemia का रूपमा देखा पर्दछ । Zeive's Syndrome, Hemolytic. Anemia Jaundice र Hypenlipaedemia रक्सीबाट उत्पन्न हुने रोग हुन् ।

ठ) Thrombocytopenia र अन्य platelet सँग सम्बन्धित खराबीहरू रक्सीकै देन हुन् ।

ड) अधिक रूपमा प्रयोग हुने Metronidazole (Flagyl) को दुष्प्रभाव रक्सी पिएपछि देखा पर्दछ ।

ढ) रक्स्याहाको भित्री अंगमा घरीघरी Infection हुनु सामान्य कुरा हो । रक्सी सेवनको कारणले गर्दा ऊभित्र रोग प्रतिरोधात्मक शक्ति (Immunological defense system) प्रभावहीन अवस्थामा रहेको हुन्छ ।

ण) मदिरा सेवन गर्ने व्यक्तिहरूमा Chest infection, निमोनिया, Lung Abcess, Emphysema तथा Pulmonary, Tuberculosis हुनु सामान्य कुरा हो ।

त) रक्सीको कारणले छाला रोग पनि हुने गर्दछन् ।

थ) Eczema, Alopecia, Nail Dystrophy, Paronychia, (नङ्ग वरिपरि हुने इन्फेक्सन) Angular Stomatitis (मुखको सुजन) पनि रक्सी पिउनेहरूका लागि सामान्य कुरा हुन् ।

द) रक्सीको नशामा लठ्ठ भएपछि रक्सी पिउने मानिस धेरैजसो बान्ता गर्छ । यसको कारणले उसको Cough Reflexes मा नोक्सान हुन्छ जुन सुरक्षा दृष्टिकोणले आवश्यक हुन्छ । यसप्रकार बान्ता फोक्सोमा जान्छ र निमोनिया तथा Lung Abscess को कारण बन्न पुग्दछ ।

ध) रक्सी सेवनले महिलालाई झन बढी नोक्सान पुऱ्याउँछ । पुरुषको तुलनामा महिला रक्सीसँग सम्बन्धित Cirrhosis को बढी शिकार बन्दछन् । गर्भावस्थामा रक्सी पिउनाले गर्भलाई धेरै नोक्सान पुऱ्याउँछ । Foetal Alcohol Syndrome चिकित्सा क्षेत्रमा थाहा भएको तथ्य हो ।

## ५) रक्सी पिउनु स्वयं एउटा रोग मात्र नभएर दुराचारी कार्य हो

डाक्टरहरू रक्सी पिउनेहरूका सम्बन्धमा कुनै प्रकारका पक्षपातबाट बच्दै रक्सी पिउनु एउटा आदत मात्र नभएर स्वयं रोग पनि हो भन्ने विचार प्रकट गर्दछन् । Islamic Research Foundation ले एउटा पत्रिकामा निम्न कुराहरू प्रकाशित गरेको छः-

"यदि रक्सी एउटा रोग हो भने, यही एक रोग हो जुन-

- बोतलमा बिक्छ, अखवार र पत्रिकामा विज्ञापन छापिन्छ र टि.भी. तथा रेडियोमा प्रसारित हुन्छ ।
- फैलाउन अनुमति प्राप्त पसल हुन्छन् र सरकारलाई त्यसबाट आम्दानी हुन्छ ।
- त्यसको कारणबाट बीच सडकमा भयानक मृत्युहरू हुने गर्दछन् ।
- पारिवारिक जीवनलाई तहसनहस वा बरवाद पार्दछ र आपराधिक घटनाको दर बढाउँछ ।"

ईश्वरले हामीलाई यस शैतानको चालबाट सचेत गराएका छन् । इस्लाम एउटा प्राकृतिक धर्म हो । यसका शिक्षाहरूले प्राकृतिक अवस्थाको रक्षा गर्दछन् । रक्सी पिउनु वास्तवमा प्राकृतिक मार्गबाट विमुख हुनु हो । रक्सी सेवनले मानिसलाई जनावरभन्दा पनि खराब अवस्थामा पुऱ्याइदिन्छ जबकि मानिस आफू जनावरभन्दा उच्च र सम्पूर्ण सृष्टिमा सर्वश्रेष्ठ प्राणी भएको स्वयं दावी गर्दछ । यी उल्लेखित विविध कारणहरूले गर्दा इस्लाममा रक्सी निषेध गरिएको हो ।

# १०. साक्षी सम्बन्धि मामिला

**प्रश्नः** गवाहीमा दुई महिला बराबर एक पुरुष किन हुन्छ ?

**उत्तरः** सधैंभरि दुई महिलाको गवाहीसँग एउटा पुरुषको गवाही बराबर हुन्छ भन्ने कुरा सत्य होइन । यो कुरा केही विषयमा मात्र सत्य साबित हुन्छ । पवित्र कुरआनमा कम से कम पाँचवटा आयतमा साक्षीको उल्लेख छ । तर त्यसमा कहिँ पनि महिला र पुरुष बीच अन्तरको कुरा भनिएको छैन । कुरआनको सबभन्दा ठूलो आयत अर्थात सूरह बकरहको आयत २८२ मा सामान र लेनदेनसम्बन्धि आदेश दिइएको छ । त्यस आयतमा भनिएको छ,

**"हे आस्थावानहरू हो ! तिमीहरू कुनै निर्धारित अवधीकानिम्ति आपसमा ऋणको लेनदेन गर्दा त्यसलाई लेख्ने गर । अनि, लेखनदासले तिम्राबीच न्यायपूर्वक लेखोस् । र, कुनै लेखनदासले त्यसरी लेख्न अस्वीकार नगरोस् जसरी अल्लाहले उसलाई सिकाएका छन् । बरु उसले लेखोस् । र, जसको हक छ, त्यस ऋण लिने मनिसले लेखाओस् अनि उसले आफ्ना पालनकर्ता– अल्लाहको भय गरोस् तथा त्यसमा कुनै कमी नगरोस् । तर त्यो मानिस जसलाई हक प्राप्त छ; यदि अबुझ वा कमजोर छ वा स्वयं लेखाउने सामर्थ्य राख्दैन भने उसको अभिभावकले न्यायपूर्वक लेखाओस् । तिमीहरूले पुरुषहरूमध्ये दुईजनालाई आफ्ना साक्षी बनाउने गर; दुईजना पुरुष उपलब्ध नभएमा एकजना पुरुष र दुईजना महिला (लाई साक्षी बनाऊ) । यी साक्षीहरू यस्ता मानिसहरूमध्ये हुनुपर्छ जसको साक्ष्य तिमीहरूबीच मान्य होस् । दुईजना महिला यसकारणले कि उनीहरूमध्ये कुनै एकले गल्ती गरेको खण्डमा अर्कोले स्मरण गराउन सकोस् । र, साक्षीहरूलाई जहिले बोलाउँदा पनि उनीहरूले अस्वीकार नगरून् । ऋण सानो होस् वा ठूलो, तिमीहरूले त्यसको अवधी तोकेर लेख्न अल्छी नगर । अल्लाहको दृष्टिमा यो तरीका बढी न्यायसँगत छ र यो साक्ष्यलाई झन् ठीक राख्ने तथा शङ्काबाट पनि बचाउने तरीका हो । अँ, हाताहाती व्यापारिक लेनदेन गरिन्छ भने नलेखेमा पनि तिमीहरूमाथि कुनै आपत्ति छैन । तर व्यापारिक मामला तय गर्दा साक्षी बनाऊ र लेखनदास तथा साक्षीलाई कुनै कष्ट नदिइयोस् । यस्तो गरेमा यो तिमीहरूको तर्फबाट अवज्ञा ठहर्नेछ....... ।" (कुरआन, २:२८२)**

यस आयतले सामान लेनदेन र खरीदविक्रीसँग सम्बन्धित विषयमा मार्गदर्शन गर्दछ । यसप्रकारका विषयमा लिखित रूपमा दुबै पक्षको सम्झौता गरी दुईजना गवाही राख्ने आदेश दिइएको छ । यस्तो गवाह (साक्षी) सकभर दुई पुरुष राख्नु उचित हुन्छ । यदि दुई पुरुष साक्षी नभेटिएमा एक पुरुष र दुईजना महिला भए पनि पर्याप्त हुन्छ ।

जस्तो कि कुनै व्यक्ति कुनै खास रोगको अपरेशन गराउन चाहन्छ भने ठीकसँग उपचार गराउनेबारे जान्नका लागि उसले योग्य र मान्यता प्राप्त दुई डाक्टरको राय लिन्छ । यदि दुईजना सर्जन उसले पाएन भने एउटा सर्जन र अर्को जनरल डाक्टरसँग सम्पर्क गर्दछ किनकि विकल्पको रूपमा यही मात्र उसको अगाडि रहन्छ । यसरी नै सामान सम्बन्धि वा लेनदेनमा दुई पुरुषलाई प्राथमिकता दिइन्छ । इस्लाममा पुरुषलाई आफ्नो घरपरिवारको आर्थिक जरुरत पूरा गर्ने जिम्मेवारका रूपमा हेरिन्छ । यस्तो आर्थिक जिम्मेवारी पुरुषको टाउकोमा भएकाले महिलाको तुलनामा कारोबारका विषयमा पुरुषभित्र बढी योग्यता, क्षमता र दक्षता हुन्छ । दोश्रो विकल्पका रूपमा एक पुरुष र दुई महिला हुन सक्दछन् । यसको कारण यो हो कि यदि एउटी महिलाले गल्ती गरेमा अर्की महिलाले त्यसलाई सच्च्याउन सक्छिन् । यसप्रकार कारोबारी लेनदेन एक मात्र यस्तो मामिला हो जसमा दुई साक्षी महिला एक पुरुष साक्षीसँग बराबर भएको बताइएको छ ।

महिलाको व्यवहार हत्याको विषयको साक्षीमा प्रभावित हुन जान्छ भन्ने कुरा केही इस्लामी विद्वान्हरूको राय रहेको छ । यस किसिमका विषयमा महिलाहरू पुरुषको तुलनामा बढी भयभित र आतंकित हुन पुग्दछन् । आफ्नो भावुकताको कारण उनीहरू धेरै मानसिक उल्झन (Confusion) को शिकार हुन सक्दछन् । त्यसैले धर्मशास्त्रीहरूको दृष्टिमा हत्याको विषयमा दुई महिला साक्षी एक पुरुष साक्षीसँग बराबर हुन्छन् । पवित्र कुरआनमा साक्षीको विषयमा प्रकाश पार्ने पाँचवटा आयतहरू छन् । तर तीमध्ये कुनै पनि महिला र पुरुष भनेर उल्लेख गरिएको छैन । पैत्रिक सम्पत्ति (मिरास) को बाँडफाँडको कागजपत्र बनाउन साक्षीका रूपमा दुई न्यायप्रिय व्यक्तिको जरुरत पर्दछ । पवित्र कुरआनमा भनिएको छ-

> **“हे आस्थावानहरू हो ! जब तिमीहरूमध्ये कसैको मृत्यु नजिकिन्छ तब *वसीयत* गर्छौ भने त्यहाँ तिमीहरूमध्ये दुई जना न्यायी साक्षी बनाऊ वा यदि तिमीहरू यात्राको स्थितिमा छौ र त्यहीँ मृत्युको विपत्ति आइपुग्छ भने बाहिरका मान्छेहरूमध्ये दुई जनालाई साक्षी बनाऊ.... ।” (कुरआन, ५:१०६)**

महिलामाथि आरोप लगाउने सन्दर्भमा भने चार जना साक्षी बन्नु पर्ने हुन्छ । कुरआनमा भनिएको छ, "महिलाको इज्जत र अस्मितालाई निशाना बनाउने वा उनीप्रति आरोप लगाउने सम्बन्धमा चार साक्षीको आवश्यकता पर्दछ ।"

दुई महिलाहरूको गवाही एक पुरुष गवाहीको बराबर हुने कुरा सबै विषयमा लागू हुन्छ भनी केही इस्लामी विद्वान्हरूको भनाइ रहेको छ । यस रायसँग कुनै पनि हालतमा सहमत हुन सकिँदैन किनकि पवित्र कुरआनको सूरह २४ नूर आयत ८ मा एकदम स्पष्टसँग एक पुरुष र एक महिलाको गवाहीलाई समान मान्दै भनिएको छः

**"र, त्यस महिलाको दण्ड यसरी निवारण हुन सक्छ कि उसले चार पटक अल्लाहको कसम खाएर भनोस्- "निश्चय नै उनी (उसको पति) झूठाहरूमध्येका हुन् ।" (कुरआन २४:८)**

धेरै धर्मशास्त्रीहरू विशेष अवसरमा चन्द्रमा देख्ने बारेमा एक महिलाको गवाही नै पर्याप्त हुन्छ भन्ने कुरामा एकमत छन् । विचार गर्नुहोस् कि एक महिलाको गवाही इस्लामको एउटा महत्वपूर्ण स्तम्भका लागि पर्याप्त छ । एउटी महिलाको गवाहीमा सम्पूर्ण पुरुष र महिलाले रमजानको रोजा (व्रत) राख्छन् । केही धर्मशास्त्रीहरूका अनुसार रमजानको रोजा (व्रत) शुरूकालागि एक महिलाको गवाही पर्याप्त हुन्छ तर रोजा (व्रत) को अन्त्य वा ईदको दिन दुई गवाहीको आवश्यकता पर्दछ । यस सिलसिलामा एक पुरुष र एक महिला बीच कुनै अन्तर वा भेद हुँदैन । केही अवस्थामा महिला गवाहीको नै जरुरत हुन्छ । त्यस सम्बन्धमा पुरुष गवाही स्वीकार्य हुँदैन । जस्तै महिलाको शबलाई नुहाउने समय महिला नै गवाही हुन सक्छिन् । यस्तै महिलासँग सम्बन्धित अन्य विषयमा महिला मात्र गवाही हुन सक्छिन् ।

कारोबारसम्बन्धि विषयमा जुन असमानता पुरुष र महिलाबीच देखिएको छ लैंगिक असमानता त्यसको कारण होइन । त्यसको वास्तविक कारण महिला र पुरुषमा भएका प्राकृतिक विशेषता र सामाजिक भूमिका हो जसलाई इस्लामले प्रत्येकको लागि निश्चित गरेको छ ।

# ११. पैतृक सम्पत्ति

**प्रश्न:** इस्लामी कानून अनुसार सम्पत्तिमा महिलाको हिस्सा पुरुषको आधा किन हुन्छ ?

**उत्तर:** पवित्र कुरआनमा हकदारहरूबीच सम्पत्ति बाँडफाँडसम्बन्धित निर्देश सविस्तार रहेको छ। पवित्र कुरआनका आयातहरू २:१८०, २:२४०, ४:७-९, ४:१९, ४:३३, ५:१०६ -१०८ मा सम्पत्तिको बाँडफाँड सम्बन्धित निर्देश रहेको छ। त्यस्तै खास गरी तीनवटा आयतहरूमा मृतकका नातेदारकाबीच सम्पत्ति बाँड्ने बारेमा विस्तृत रूपमा प्रकाश पारिएको छ:

> **"अल्लाह तिम्रा सन्तानहरूको सम्बन्धमा तिमीहरूलाई निर्देशन दिन्छन् -एक जना पुरुषको अंश दुई जना महिलाको बराबर हुन्छ। यदि दुईभन्दा बढी छोरीहरू नै छन् भने उनीहरूले छोडेको सम्पत्तिको दुई तिहाई पाउनेछन्। र, एउटी मात्र छोरी छिन् भने उनले सम्पत्तिको आधा अंश पाउनेछिन्।"**
>
> **"मृतकको कुनै सन्तान छ भने मृतकका मातापितामध्ये प्रत्येकलाई मृतकले छोडेको सम्पत्तिको छैठौं भाग प्राप्त हुनेछ। तर, सन्तान छैन र उत्तराधिकारी केवल आमा-बाबु नै हुन् भने आमाके अंश एक तिहाई हुनेछ (बाँकी दुई तिहाई बाबुको हुनेछ)। र, मृतकको दाजुभाइ तथा दिदीबहिनी छन् भने आमाको अंश सम्पत्तिको छैठौं भाग हुनेछ। (यी अंशबण्डा मृतकको) वसीयत (अन्तिम आदेश) पूरा गरेपछि र उसमाथि रहेको ऋण चुक्ता भएपछि मात्र कार्यान्वयन हुनेछ। तिमीहरूका मातापिता र सन्तानहरूमध्ये तिम्रालागि को बढी लाभदायक हुनेछ भन्ने कुरा तिमीहरूलाई थाहा छैन। यी अल्लाहद्वारा निर्धारित अंशहरू हुन्। निस्सन्देह अल्लाह सर्वज्ञ र तत्वदर्शी छन्।" (कुरआन ४:११)**
>
> **तिम्रा पत्नीहरूले छोडेको सम्पत्तिमा उनीहरूका कुनै सन्तान नभएमा तिमीहरूलाई आधा अंश प्राप्त हुनेछ तर उनीहरूको सन्तान भएमा उनीहरूले छोडेका सम्पत्तिमध्ये तिमीहरूलाई चौथो भाग प्राप्त हुनेछ। यो उनीहरूले गरेको वसीयत (अन्तिम आदेश)**

**पूरा गरेपछि र उनीहरूमाथि रहेको ऋण चुक्ता भएपछि मात्र कार्यान्वयन हुनेछ । यदि तिमी (पुरुष) हरूको कुनै सन्तान नभएमा तिमीहरूले छोडेको सम्पत्तिमा तिम्रा पत्नीहरूलाई चौथाई भाग प्राप्त हुनेछ । तर, सन्तान रहेको खण्डमा पत्नीहरूलाई आठौं भाग प्राप्त हुनेछ । यो तिमीहरूले गरेको वसियत (अन्तिम आदेश) पूरा भएपछि र तिमीहरूमाथि रहेको ऋण चुक्ता भएपछि मत्र कार्यान्वयन हुनेछ ।**

**यदि कुनै पुरुष वा महिलाको मातापिता वा सन्तान (जीवित) छैन तर दाजुभाइ वा दिदीबहिनीमध्ये या त एकजना दाजु वा भाइ छ कि त एकजना दिदी वा बहिनी छ भने यस्तो स्थितिमा दाजु-भाइ वा दिदीबहिनी हरेकलाई छैठौं भाग प्राप्त हुनेछ । तर, दाजुभाई वा दिदीबहिनीको संख्या एकभन्दा बढी छ भने उनीहरू सबैले एक तिहाईमध्येबाट अंश पाउनेछ । यो वसियत पूरा गरेपछि र ऋण चुक्ता भएपछि मात्र कार्यान्वयन हुनेछ; शर्त यो छ कि यसमा कसैलाई नोक्सान पुऱ्याउने मनसाय नहोस् । यो अल्लाहको आदेश हो र अल्लाह सर्वज्ञ र सहनशील छन् । (कुरआन ४:१२)**

**"हे सन्देष्टा ! यिनीहरू तिमीसित धर्मादेश (फतवा) सोध्दैछन् । भनिदेऊ- "अल्लाह तिमीहरूलाई 'कलाला' बारे यो धर्मादेश दिन्छन् कि यदि कुनै व्यक्ति निःसन्तान मर्छ र उसको एकजना दिदी वा बहिनी मात्र छिन् भने उनले छोडेको सम्पत्तिको आधा अंश ती दिदी वा बहिनीले पाउने छिन् । तर, यदि निःसन्तान दिदी वा बहिनीको मृत्यु हुन्छ र एकजना दाजु वा भाइ मात्र छ भने त्यो त्यसको वारिस हुनेछ यस शर्तमा कि त्यस दिदी वा बहिनीका कुनै सन्तान नहोस् । यदि मृतकका वारिस दुईवटी दिदी वा बहिनी छन् भने उनीहरू दुई तिहाई अंशका हकदार हुनेछन् । र, यदि कैयौं दाजु वा भाइ तथा दिदी वा बहिनीहरू छन् भने एक पुरुषको अंश दुई महिलाको अंश बराबर हुनेछ.......... ।" (४:१७६)**

धेरै जसो अवस्थामा महिलाहरूलाई पुरुषको आधा प्राप्त हुन्छ, तर सधै यस्तो हुँदैन । यदि मृतकका ठूला वा साना कुनै पनि नातेदार छैनन्, तर आफ्नै

दाजुभाइ वा दिदीबहिनी छन् भने यिनीहरूमध्ये प्रत्येक हकदारलाई छैठौं अंश प्राप्त हुनेछ । यदि मृतकका सन्तान छन् भने आमाबाबु दुबैलाई बराबर अंश प्राप्त हुन्छ । अर्थात्, छोडेको सम्पत्ति मिरासको छैटौं भाग । केही अवस्थामा महिलाहरूलाई पुरुषको तुलनामा दोब्बर अंश प्राप्त हुन्छ । यदि मृतक महिला हो, जसका कुनै सन्तान छैनन् र कुनै दाजुभाई वा दिदीबहिनी पनि छैनन् तर पति, आमा र बाबु मात्र छन् भने यस्तो अवस्थामा पतिलाई सम्पूर्ण पैत्रिक सम्पत्तिको आधा, आमालाई एक तिहाई र बाबुलाई छैठौं भाग प्राप्त हुनेछ । सामान्य कानून अनुसार पुरुषको दाँजोमा महिलालाई आधा भाग प्राप्त हुन्छ भन्ने कुरा सही हो । जस्तैः-

१) छोराको तुलनामा छोरीलाई आधा हिस्सा प्राप्त हुन्छ ।

२) यदि मृतकले सन्तान छोडेको छैन भने पत्नीलाई आठौं हिस्सा र पतिलाई चौथाई हिस्सा प्राप्त हुन्छ ।

३) यदि मृतकले कुनै सन्तान छोडेको छ भने पत्नीलाई चौथाई र पतिलाई आधा हिस्सा प्राप्त हुन्छ ।

४) यदि मृतकका माथिल्ला वा तल्ला कुनै पनि नातेदार छैनन् भने दिदीबहिनीलाई दाजुभाइको तुलनामा आधा हिस्सा प्राप्त हुन्छ ।

इस्लाममा महिलाको जिम्मामा आर्थिक जिम्मेवारी छैन । यो जिम्मेवारी पुरुषलाई दिइएको छ । महिलाको विवाहभन्दा पहिले बाबु वा दाजुभाइको यो जिम्मेवारी हुन्छ कि उसले छोरी वा दिदीबहिनीको खाने बस्ने र अन्य आर्थिक अवश्यकता पूरा गरोस् । विवाहपछि यो जिम्मेवारी पति वा छोराको हुन्छ । इस्लाम घरेलु आवश्यकताहरूलाई पूरा गर्ने जिम्मेवारी पुरुषमाथि राख्दछ । पुरुषमाथि दोहोरो जिम्मेवारी हुन्छ । त्यसैले उसलाई दोब्बर हिस्सा प्राप्त हुन्छ । जस्तो कि कुनै व्यक्तिको मृत्युपछि उसले एक छोरा र एक छोरीलाई एक लाख पचास हजार छोडेर गएको भने यस्तो अवस्थामा छोरालाई एक लाख र छोरीलाई ५० हजार प्राप्त हुन्छ । पुरुष (छोरा) ले घर खर्चमा लगभग ८० हजार लगाउँछ र उसलाई आफ्नै खर्चका लागि मुस्किलले २० हजार रूपैयाँ बच्छ । अर्कोतिर छोरी जसलाई ५० हजार प्राप्त भएको छ उनले कुनै जिम्मेवारी बोक्नु नपर्ने भएकाले अरूकालागि एक पैसा पनि खर्च हुँदैन । ऊ पूरै रकम आफ्नोलागि राख्न सक्दछे । तपाईं यी दुई अवस्था मध्ये कुनलाई रोज्नु हुन्छ, एक लाख पाएर ८० हजार खर्च गर्नुपर्नेलाई वा ५० हजार पाएर सबै आफैंलाई राख्न पाउनुलाई....

# १२. परलोकः मृत्यूपछिको जीवन

**प्रश्नः** तपाईं परलोक अर्थात् मृत्युपछिको जीवनलाई कसरी प्रमाणित गर्न सक्नुहुन्छ ?

**उत्तरः** बैज्ञानिक र तार्किक सोच भएको व्यक्तिले कसरी परलोकवादलाई स्वीकार गर्न सक्दछ भनेर केही मानिसहरू आश्चर्य प्रकट गर्दछन्। उनीहरू परलोकमा विश्वास गर्नेहरू अन्धविश्वासी हुन्छन् भन्ने कुरा मान्दछन्। वास्तवमा परलोकको धारणा एउटा तर्कसंगत धारणा हो। पवित्र कुरआनमा एक हजारभन्दा बढी यस्ता आयतहरू छन् जसमा वैज्ञानिक तथ्यलाई बयान गरिएको छ। यी तथ्यहरूमा ती तथ्यहरू पनि समावेश भएका छन् जसको जानकारी केही शताब्दीपहिले मात्र भएको हो। तर वास्तवमा विज्ञान आजसम्म यस हदसम्म पुग्न सकेको छैन जसले कुरआनका प्रत्येक वास्तविक सत्यतालाई प्रमाणित गर्न सकोस्।

मानौं पवित्र कुरआनमा उल्लेखित तथ्यको ८०% भाग विज्ञानको कसौटीमा उभिएको छ भने बाँकी २०% भागका बारेमा विज्ञान कुनै सही निर्णय दिन असमर्थ छ भन्न सकिन्छ। अहिलेसम्म विज्ञान आफ्नो उन्नतिमा त्यस स्तरसम्म पुग्न सकेको छैन जसले पवित्र कुरआनमा बयान भएको कुरालाई पुष्टि गर्न वा इन्कार गर्न सकोस्। हामी आफ्नो सीमित जानकारीका आधारमा विश्वासकासाथ कुरआनको बयानको एक प्रतिशत अंश पनि गलत र गल्तीमा आधारित छ भनेर भन्न सक्दैनौं। पवित्र कुरआनको सम्पूर्ण बयानको यदि ८०% वास्तविक रूपमा सही प्रमाणित हुन्छ भने परलोक वा मुत्युपछिको जीवनको कल्पना यसै २०% भागसँग सम्बन्धित छ जसका बारेमा बुद्धि यही भन्छ कि त्यसलाई सही र त्रुटिरहित भएको स्वीकार गरियोस्।

डकैती वा लुटमार राम्रो कुरा हो वा खराब भन्ने सम्बन्धमा एउटा सरल स्वभावको व्यक्तिले त्यसलाई खराब नै मान्दछ। परलोकमा विश्वास नराख्ने व्यक्तिले एउटा ठूलो अपराधीलाई लुटमार वा डकैती एउटा खराब काम हो भनेर कसरी सन्तुष्ट पार्न सक्दछ ? मानौं कि म संसारको एउटा ठूलो अपराधी हुँ। यसका साथै म अत्यन्त बुद्धिमान र तर्कका आधारमा कुनै कुरा मान्ने व्यक्ति हुँ। लुटमार गर्नु सही हो किनकि यसबाट मलाई आरामसाथ भरिपूर्ण जीवन बिताउन

मद्दत पुग्दछ भनेर म भन्दछु । त्ससैले लुटमार मेरोलागि सही हो भन्ने तर्क राख्दछु । अब यदि कुनै व्यक्तिले त्यो खराब हुनुको कुनै एउटा मात्र पनि तर्क पेश गर्न सक्यो भने म त्यसबाट तुरुन्त रोकिन्छु ।

कसैले भन्न सक्छ कि जुन मानिसलाई लुटिएको छ ऊ ठूलो कठिनाइको शिकार हुन जान्छ । जसलाई लुटिन्छ उसकालागि यो खराब हो भन्ने कुरा म पनि मान्दछु । तर मेरालागि यो राम्रो हो  किनकि यदि मैले लुटपाट गरेर एक लाख रूपैयाँ प्राप्त गरें भने पाँचतारे होटलमा स्वादिष्ट खानाहरूको आनन्द लिन सक्छु । कसैले तपाईं पनि त लुटिन सक्नु हुन्छ नि भनेर मलाई आफ्नो तर्क दिन सक्छ । तर यसको जवाफमा म भन्नु सक्छु कि म एक अत्यन्त शक्तिशाली अपराधी हुँ र म आफूसँग सयौं अंगरक्षकहरू राख्दछु । त्यसैले मसँग यस्तो लुटपाट हुन सक्दैन । यसकारण म त जसलाई पनि लुट्न सक्छु तर मलाई अरू कसैले लुट्न सक्दैन । लुटपाट गर्नु एउटा सामान्य मानिसकालागि त खतरनाक हुन सक्दछ तर एउटा प्रभावशाली व्यक्तिकालागि हुँदैन ।

कसैले भन्न सक्छ कि यदि तपाईं लुटमार गर्नुहुन्छ भने प्रहरीले तपाईंलाई गिरफ्तार गर्न सक्दछ । यसको जवाफमा म प्रहरी मेरो प्रभावमा भएकोले मलाई गिरफ्तार गर्न सक्दैन भन्छु । यसरी नै कैयन् मन्त्री र राजनेताहरूसमेत मेरो प्रभावमा छन् । म यो कुराप्रति सहमत छु कि यदि एउटा मानिस डकैती वा लुटमार गर्दछ भने ऊ गिरफ्तार हुन सक्दछ र यो कुरा उसकालागि खराब हुन्छ तर कुनै असाधारण शक्ति र पहुँच राख्ने अपराधीको प्रहरीले केही पनि बिगार्न सक्दैन ।

केही मानिसहरू लुटपाटको धन सजिलैसँग प्राप्त हुने कमाई हो मेहनतको कमाई होइन भन्न सक्दछन् । म यो कुराप्रति पूर्ण रूपमा सहमत छु । म भन्न सक्छु कि यसैकारणले म लुटपाट गर्छु । यदि एउटा बुद्धिमान् व्यक्तिका अगाडि दुईटा बिकल्प भए अर्थात् ऊ सजिलै बिना श्रम पनि धन कमाउन सक्दछ र परिश्रमका साथ पनि भने निश्चय नै ऊ सजिलो तरीकालाई मन पराउँछ । त्यस्तै केही मानिसहरू लुटपाट गर्नु मानवताको विरुद्ध हो र एक व्यक्तिले अर्को व्यक्तिको हितलाई ध्यान दिनुपर्छ भन्न सक्दछन् । म यस तर्कलाई आखिर मानवताको नामको यो नियम कसले बनायो र म किन यसको पालना गरूँ भन्ने जवाफ दिन सक्दछु । यो नियम भावुक मानिसकालागि त राम्रो हुन सक्दछ । तर म तर्कमा

विश्वास गर्ने व्यक्ति हुँ म अरूको हितको वास्ता गर्नुमा कुनै लाभ देख्दिन भन्ने जवाफ दिन सक्दछु । त्यस्तै केही मानिसले लुटपाट गर्नु एउटा स्वार्थपूण कार्य हो भन्ने तर्क राख्न सक्दछन् । लुटपाट गर्नु एउटा स्वार्थपूर्ण कार्य हो भन्ने कुरा म स्वीकार गर्दछु । तर म किन स्वार्थी नबनूँ जसले मलाई आनन्दपूर्ण जीवन व्यतित गर्न मद्दत गर्दछ भन्ने जवाफ म दिन सक्दछु ।

यसरी लुटमार एउटा खराब काम हो भन्ने कुरा प्रमाणित गर्न प्रस्तुत गरिएका तर्कहरू बेकार हुन जान्छन् । यी प्रमाण र तर्कले सामान्य मानिसलाई सन्तुष्ट पार्न सकिन्छ तर कुनै शक्तिशाली र प्रभावशाली कुख्यात अपराधीलाई सन्तुष्ट पार्न सकिंदैन । यिनीहरूमध्ये कुनै पनि प्रमाण तार्किक आधारमा प्रस्तुत गर्न सकिंदैन । यो संसार अपराधी मनस्थितिका मानिसहरूले भरिएको छ भन्नुमा कुनै आश्चर्य लाग्दैन । यसैगरि धोका र बलात्कार आदि खराब कुरा हुन् भन्ने कुरा कुनै पनि तार्किक प्रमाणले कुनै पनि शक्तिशाली र प्रभावशाली अपराधीलाई सन्तुष्ट पार्न सकिंदैन ।

अब हामी यस समस्याप्रति एउटा अर्को तरीकाबाट कुराकानी गर्छौं । मान्नुहोस् कि तपाईं संसारको एउटा अत्यन्त प्रभावशाली र शक्तिशाली अपराधी हो । तपाईंको प्रभावमा प्रहरी, मन्त्री, नेता सबै छन् र तपाईंसँग सुरक्षाकालागि फौज नै फौज छन् । तपाईंलाई एउटा मुस्लिमले यो कुरा मान्न बाध्य बनाउन सक्दछ कि लुटमार गर्नु, धोका दिनु, बलात्कार गर्नु कुकर्म गर्नु यी सम्पूर्ण कुराहरू खराब र गलत छन् ।

प्रत्येक व्यक्ति न्याय चाहन्छ । यदि ऊ अरूकालागि न्यायको इच्छुक नभए पनि आफ्नो लागि अवश्य नै न्यायको अभिलाषा गर्दछ । केही मानिस शक्ति र प्रभावको नशामा चुर्लुम्म डुब्छन् र अरूलाई दुःख कष्ट पुऱ्याउँछन् । यदि यी मानिसहरूसँग कुनै अन्याय भयो भने उनीहरूलाई त्यसप्रति शिकायत हुन्छ । यस्ता मानिस जो अरूको दुःख महसुस गर्दैन वास्तवमा ती शक्ति र प्रभावका पुजारी हुन्छन् । यिनीहरू आफ्नो शक्ति र प्रभाव अरूमाथि अत्याचार गर्न मात्र प्रयोग गर्दैनन् बरू उसमाथि अरूले गर्ने अत्याचारबाट समेत रोक्छन् ।

एक मुस्लिमको हैसियतले कुनै व्यक्ति कुनै अपराधीलाई ईश्वरको अस्तित्वको बारेमा बाध्य पार्न सक्छ । यी ईश्वर कुनै पनि अपराधीभन्दा शक्तिशाली छन् र हरेकसँग न्याय गर्छन् । पवित्र कुरआनमा आएको छ-

**"ईश्वर कहिल्यै कण बराबर पनि अन्याय गर्दैनन् ।" (४:४०)**

एउटा यस्तो अपराधी जो बुद्धि र विज्ञानमा विश्वास राख्दछ ऊ कुरआनको बैज्ञानिक तथ्यहरूलाई देखेपछि ईश्वरको अस्तित्व रहेको कुरामा सहमत हुन्छ । उसले यो तर्क दिन सक्छ कि, ईश्वर शक्तिशाली र न्यायी हुँदा हुँदै पनि उसलाई अपराधकालागि सजायँ किन दिदैनन् ।

प्रत्येक पीडित व्यक्तिले अन्याय गर्ने व्यक्तिको आर्थिक तथा सामाजिक स्थिति के छ भन्ने कुरा नहेरी अत्याचारीलाई सजायँ दिन चाहन्छ। एउटा सामान्य व्यक्ति चोर र बलात्कारीलाई शिक्षाप्रद सजायँ दिन चाहन्छ। धेरै अपराधीहरूलाई सजायँ हुने गर्दछ तापनि धेरैजसो अपराधीहरू कानूनको पकडबाट बचेर निस्कन सफल हुन्छन् । ऊ भोग- विलासपूर्ण जीवन व्यतित गर्दछ र सुख चैनका साथ रहन्छ । यदि यस्ता व्यक्तिलाई ऊभन्दा बढी शक्तिशाली र प्रभावशाली व्यक्तिले अत्याचार गर्‍यो भने अत्याचारीलाई सजायँ दिनुपर्ने उसको अभिलाषा हुन्छ ।

यो संसार परलोककालागि परीक्षा स्थल हो। पवित्र कुरआनमा उल्लेख भएको छ-

**"जसले मृत्यु तथा जीवन सृष्टि गरे ताकि तिमीहरूलाई परीक्षा लिएर हेरून् कि को राम्रो काम गर्छ। र, उनी प्रभुत्वशाली एवं क्षमाशील छन्..." (६७:२)**

त्यस्तै पवित्र कुरआनको अर्को ठाउँमा आएको छ-

**"प्रत्येक प्राणीले मृत्युको स्वाद चाख्नु पर्छ । र, तिमीहरूलाई तिम्रा पूर्ण प्रतिदान महाप्रलयको दिन नै प्रदान गरिनेछन् । अनि जसलाई नरकबाट बचाइयो र स्वर्गमा प्रवेश गराइयो त्यो निश्चिय नै सफल भयो । सांसारिक जीवन त केवल धोकाको सामग्री हो ।" (कुरआन ३:१८५)**

मानिसका साथ अन्तिम र पूर्ण न्यायसंगत फैसला 'बदलाको दिन' हुनेछ । सम्पूर्ण मानवलाई परलोकमा हिसाब किताबको दिन उठाइने छ र जिउँदो बनाइनेछ । कुनै व्यक्ति उसले गरेको कार्यको सजायँको केही भाग यसै संसारमा पाउने पनि संभावना छ तर अन्तिम सजायँ वा इनाम आखितरमा नै दिइनेछ । महान् ईश्वरले

एउटा चोर र बलात्कारीलाई यस संसारमा सजायँ दिउन् वा नदिउन् तर परलोकमा फैसलाको दिन अपराधीलाई अवश्य सजायँ दिनेछन् ।

हिटलरले ६० लाख यहूदीहरूको हत्या गऱ्यो । यदि प्रहरीले उसलाई गिरफ्तार गरेको भए मानवीय कानूनले उसलाई के सजायँ दिन सक्थ्यो ? बढीभन्दा बढी उसलाई ग्याँस चेम्बरभित्र हालेर मार्न सकिथ्यो । तर वास्तविक रूपमा हेरियो भने यो त एउटा मात्र यहूदीलाई ग्याँस चेम्बरभित्र जलाए वापतको सजायँ हुनेथ्यो र बाँकी ५९ लाख ९९ हजार ९९९ जना जलाएर मारिएका मानिसका बारेमा तपाईं के भन्नुहुन्छ ?

तर यदि ईश्वरले चाहे भने हिटलरलाई ६० लाखभन्दा धेरै पटक नर्कको आगोमा जलाउन सक्दछन् । पवित्र कुरआनमा आएको छ-

> **"जसले हाम्रा आयत (श्लोक) हरूलाई इन्कार गरे तिनीहरूलाई अग्निमा होम्नेछौं । जब-जब तिनीहरूका छाला डढ्नेछन् हामी त्यसको ठाउँमा अर्को छाला उत्पन्न गर्नेछौं ताकि तिनीहरूले यातनाको मजा चाखून् । निश्चय नै अल्लाह सर्वशक्तिमान एवं तत्वदर्शी छन् ।" (कुरआन ४:५६)**

यसरी परलोकको धारणा बिना तपाईं कुनै अत्याचारीका अगाडि असल खराब र मानवीय मूल्य एवं मान्यताको वास्तविकतालाई प्रमाणित गर्न सक्नुहुन्न भन्ने कुरा स्पष्ट हुन्छ । सामान्य व्यक्तिका अगाडि त उसको क्रियाकलाप खराब भएको कुरा प्रमाणित गर्न सकिएला तर अत्याचारी, दमनकारी र शक्तिशाली व्यक्तिका अगाडि सामान्य तर्कका आधारमा वास्तविक सत्यतालाई प्रमाणित गर्न ज्यादै नै कठिन मात्र हुने होइन असम्भव नै हुन्छ भन्दा कुनै फरक पर्दैन ।

# १३. मुसलमानहरू समूह र मतान्तरमा

**प्रश्नः** सम्पूर्ण मुसलमानहरू एक कुरआनमा इमान राख्दछन् र त्यसको अनुपालन गर्दछन् भने फेरि उनीहरू यति धेरै समूह र मतमा किन पाइन्छन् ?

**उत्तरः** आज मुसलमानहरू परस्पर समूहमा बाँडिएका छन् भन्ने कुरा सही हो । दुःखको कुरा यो हो कि यो सरासर गैर इस्लामी कुरा हो । इस्लाम आफ्ना अनुयायीहरूबीच एकता चाहन्छ । पवित्र कुरआनमा आएको छ-

**"र, सबै मिली अल्लाहको डोरीलाई बलियोसँग समात अनि विभाजित नहोऊ । र, अल्लाहले तिमीहरूमाथि गरेको अनुकम्पालाई स्मरण गर जब तिमीहरू परस्पर शत्रु थियौ । अनि उनले तिमीहरूको मन मिलाए तसर्थ तिमीहरू उनको कृपाले भाइ-भाइ भयौ........ ।" (कुरआन ३:१०३)**

यस आयतमा 'अल्लाहको डोरी' भनेर आएको छ, त्यो के हो? वास्तवमा त्यो डोरी पवित्र कुरआन हो जसलाई सबै मुसलमानहरूले मिलेर मजबुतीका साथ समातिरहनु पर्दछ । कुरआनको यस आयतमा यस कुरालाई बढी जोड दिइएको छ । यसमा एकातिर अल्लाहको डोरीलाई मिलेर मजबुतीका साथ समात्न भनिएको छ भने अर्कोतर्फ विभेदमा नपर र समूहमा नटुक्र भनिएको छ । पवित्र कुरआनको अर्को ठाउँमा भनिएको छ,

**"हे आस्थावानहरू हो ! आज्ञापालन गर अल्लाहको र आज्ञापालन गर ईशदूतको अनि तिमीहरूमध्ये दायित्वप्राप्त गरेकाहरूको । तिमीहरू अल्लाह एवं आख़िरतमाथि ईमान राख्छौ भने तिमीहरूबीच कुनै विषयमा विवाद हुँदा अल्लाह एवं रसूलतर्फ प्रेषित गर । यही सही तरीका हो र यसैको परिणाम राम्रो हुनेछ ।" (कुरआन ४:५९)**

सम्पूर्ण मुसलमानले कुरआन र सहीह हदीसहरूको अनुपालन गर्नुपर्छ तथा परस्पर विभेदमा पर्नुहुँदैन । पवित्र कुरआनमा भनिएको छ कि,

**"जसले आफ्नो धर्मलाई विखण्डित तुल्याए र विभिन्न सम्प्रदायमा विभाजित भए तिनीहरूसँग तिम्रो कुनै सरोकार छैन; तिनीहरूको मामिला अल्लाहकहाँ रहेकोछ । अनि तिनीहरूलाई तिनीहरूले गर्ने कार्यहरूबारे अल्लाहले नै अवगत गराउनेछन् ।" (कुरआन ६:१५९)**

कुरआनको यो आयतमा ईश्वर भन्दछन् कि जसले धर्ममा विभेद उत्पन्न गऱ्यो र त्यसलाई समूहमा बाँडिदियो मानिसहरूले आफूलाई त्यो मानिसबाट अलग राख्नु पर्दछ ।

तर जब कसैले कुनै मुसलमानलाई तिमी के हौ भनेर प्रश्न गऱ्यो भने सामान्यतया त्यसको उत्तरमा म सुन्नी हुँ वा शिया हुँ भन्ने हुन्छ । त्यस्तै कसैले आफूलाई हनफी वा शाफई वा मालिकी वा हम्बली भन्दछन् भने कसैले आफू देववन्दी वा वरेलबी भएको बताउँछन् ।

यस्ता मुसलमानहरूलाई हाम्रा प्यारा सन्देष्टा (स.) के हुनुहुन्थ्यो ? उहाँ (स.) हनफी वा शाफई वा हम्वली वा मालिकी हुनुहुन्थ्यो कि भनेर प्रश्न गर्ने हो भने अन्य सम्पूर्ण ईशदूत जस्तै उहाँ (स.) एक मुसलमान हुनुहुन्थ्यो; अल्लाहका रसूल हुनुहुन्थ्यो भन्ने जवाफ उसले दिनेछ । पवित्र कुरआनको सूरह ३ आले-इमरान आयत ५२ मा भनिएको छ कि हजरत ईसा (अ.) मुस्लिम हुनुहुन्थ्यो । यसैगरि यसै सूरहको आयत ६७ मा इब्राहिम (अ.) का बारेमा भनिएको छ कि उहाँ यहूदी वा इसाई नभई मुस्लिम हुनुहुन्थ्यो ।

यदि कुनै व्यक्ति कुनै मुसलमानलाई तिमी को हौ भनेर प्रश्न गर्दछ भने उसलाई म मुस्लिम हुँ, हनफी वा शाफई होइन भन्ने जवाफ दिनुपर्दछ । पवित्र कुरआनमा आएको छ,

**"र, त्यस व्यक्तिको कुराभन्दा उत्तम कुरो कसको हुन सक्छ जसले (मानिसहरूलाई) अल्लाहतर्फ बोलाउँछ; सत्कर्म गर्छ र भन्छ- "म निश्चय नै आज्ञाकारी (मुस्लिम) हरूमध्ये हुँ ।" (कुरआन ४१:३३)**

कुरआन भन्न लगाउँछ- "म ती मानिसहरूमध्ये हुँ जो अल्लाहको अगाडि शिर झुकाउँछु अर्थात् म मुस्लिम हुँ ।"

अल्लाहका रसूल मुहम्मद (स.) ले गैर-मुस्लिम बादशाहहरूलाई चिट्ठी लेखाउनुभयो जसमा उहाँ (स.) ले उनीहरूलाई इस्लाममा आमन्त्रण गर्नुभएको थियो । यी चिट्ठीहरूमा उहाँ (स.) ले पवित्र कुरआनको सूरह -३ आले इमरानको आयत ६४ को उल्लेख गर्नुभयो, जसको अर्थ (तर्जुमा) यसप्रकार छ-

**"............यदि तिनीहरू विमुख हुन्छन् भने, भनिदेऊ- "तिमीहरू साक्षी बस कि हामी आज्ञाकारी (मुस्लिम) हौं ।" (कुरआन ३:६४)**

हामीले चारै जना इमामहरू इमाम अबू हनिफा, इमाम शाफई, इमाम हम्वल र इमाम मालिकसमेत सबै इमामहरूको आदर गर्नुपर्दछ र उहाँहरूको इज्जत गर्नुपर्दछ । उहाँहरू इस्लामका महान् विद्वान् हुनुहुन्थ्यो । ईश्वरले उहाँहरूलाई उहाँहरूका धार्मिक सेवा र उहाँहरूको मिहिनेतहरूको ठूलो प्रतिदान दिनेछन् । कसैलाई पनि यस्ता व्यक्तिप्रति आपत्ति हुनु हुँदैन जो इमाम अबू हनिफा वा इमाम शाफईमध्ये कसैको विचारहरूसँग सहमत छ । तर यदि कसैद्वारा प्रश्न गरिन्छ भने त्यसको जवाफ यही हुनुपर्दछ कि म मुस्लिम हुँ ।

केही मानिसहरू विभेद र गुटबन्दीको सिलसिलामा हदीस संग्रह सुन्न त अबू दाउदको हदीस नं. ४५७९ लाई प्रमाणस्वरूप पेश गर्न सक्दछन् जसमा मुहम्मद (स.) ले भन्नु भएको छ कि मेरो समुदाय ७३ समूहमा बाँडिनेछन् । यस हदीसमा समुदाय ७३ समूहमा बाँडिने कुरा निश्चय नै भनिएको छ तर मुसलमानहरू आफैं ७३ समूहमा बाँडिनु पर्दछ भनेर कदापि भनिएको छैन । पवित्र कुरआनको आदेश अनुसार हामी समूह समूहमा बाँडिनु हुँदैन । जुन मानिस कुरआन, सहीह हदीसहरूका शिक्षाहरूलाई सिरोधार्य गर्दछ अनि त्यसको संरक्षण गर्दछ एवं गुटबन्दीमा पर्दैन ऊ सत्यमार्गमा हुन्छ ।

तिरमिजी हदीस नं. १७१ का अनुसार अल्लाहका रसूल (स.) ले भन्नुभयो कि 'मेरो समुदाय ७३ समूहमा बाँडिनेछन् । उनीहरूमध्ये एक बाहेक सम्पूर्ण समूह नर्कमा जानेछन्' । सहाबा (रजि.) ले प्रश्न गर्नुभयो कि 'त्यो मुक्ति पाउने गुट वा समूह कुन हुनेछ ?' नबी (स.) ले जवाफ दिनुभयो कि 'जससँग म र मेरा सहाबा (र.) सम्बद्ध छौं' ।

पवित्र कुरआनका कैयन् आयतहरूमा मुसलमानहरूलाई अल्लाह र उनका रसूल (स.) को आज्ञापालन गर्न आदेश दिइएको छ । एउटा सच्चा मुसलमानले कुरआन र सहीह हदीसहरूको मात्र पालन गर्नुपर्दछ । एउटा मुसलमान कुनै इमाम (नेता) वा आलिमको भनाईमध्ये कुरआन र हदीससँग मेल खाने भनाइसँग मात्र सहमत हुनुपर्दछ तर यस्तो मेल खाँदैन भने जतिसुकै ठूलो इमाम वा आलिम भए पनि उनीहरूको कुनै महत्व वा मूल्य हुँदैन । यदि सम्पूर्ण मुसलमानहरूले कुरआनलाई बुझेर सहीह दहीसको प्रकाशमा पढे भने इन्शाअल्लाह सबै मतभेद समाप्त हुनेछन् र हामी एक संगठित समुदायको सही ढाँचामा ढालिनेछौं ।

# १४. इस्लामको नै पालना किन गर्ने ?

**प्रश्नः** सम्पूर्ण धर्म मूल रूपमा आफ्नो मान्नेहरूलाई भलाई हुने कुराहरूको नै शिक्षा दिन्छन् भने फेरि किन इस्लामको पालनामा नै जोड दिइन्छ ? के अरू कुनै धर्मको पालना गर्नु हुँदैन ?

**उत्तरः** सबै धर्म मूल रूपमा आफ्नो मान्नेहरूलाई भलाईको मार्ग अपनाउन र खराबबाट टाढा रहन शिक्षा दिन्छन्. । तर इस्लामको मामिला योभन्दा बढी छ । इस्लामले हामीलाई भलाईलाई अपनाउन तथा खराबको जरालाई आफ्नो निजी जीवन र सामाजिक जीवनबाट उखेलेर फ्याँक्ने व्यवहारिक तरीका सिकाउँछ । इस्लाम मानव स्वभाव र मानिसको सामाजिक अप्ठ्याराहरूलाई आफ्नो ध्यानाकर्षण (तवज्जोह) को केन्द्र बनाउँछ । यो धर्म स्वयं जगत्स्वामी (अल्लाह) को तर्फबाट मार्गदर्शनको रूपमा आएको हो । यस कारण इस्लामलाई प्राकृतिक धर्म पनि भनिन्छ । यसमा र अन्य धर्ममा यही ठूलो अन्तर रहेकोछ ।

इस्लाम चोरी, डकैती गर्नेहरूको सजायँ उसको हात काट्नु भन्ने बताउँछ । पवित्र कुरआनमा भनिएको छ-

> **"र, चोर, पुरुष होस् वा स्त्री दुवैका हात काटिदेऊ । यो ती दुवैको आर्जनको बदला हो र अल्लाहको तर्फबाट शिक्षाप्रद दण्ड । र, अल्लाह सामर्थ्यवान एवं तत्वदर्शी छन् ।" (५:३८)**

२१ औं शताब्दीमा हात काट्ने सजायँले इस्लाम एक जंगली र निर्दयी धर्म हो भन्ने कुरा सिद्ध गर्दछ भनेर गैर-मुस्लिमहरूले भन्न सक्दछन् । तर अल्लाहले निर्धारण गरेको यस्तो सजायँ एउटा चोर वा डाकालाई दिइएमा अरू कसैले यस्तो खराब काम गर्ने हिम्मत गर्दैन र सोच्दा पनि सोच्दैन ।

इस्लाम जकात (दान) व्यवस्था लागू गर्ने कुरा पनि बताउँछ । इस्लामी कानून अनुसार प्रत्येक व्यक्ति जो एक निश्चित धनको स्वामी हो वा जोसँग ८५ ग्राम वा सोभन्दा बढी सुन छ उसले प्रत्येक वर्ष त्यो धनको २.५% भाग अल्लाहको मार्गमा खर्च गर्नुपर्दछ अर्थात् दानको रूपमा निकाल्नु पर्दछ । यदि संसारका प्रत्येक धनवान व्यक्तिले इमान्दारीकासाथ आफ्नो सम्पत्ति बापत जकात (दान) दियो भने संसारबाट गरीबी हटेर जान्छ । यस्तो अवस्थामा एउटै मानिस पनि आजको जस्तो भोकमरीले मर्ने छैन ।

अमेरिकालाई संसारको सबभन्दा आधुनिक र विकसित मुलुक मानिन्छ। यो कुरा सत्य हो र यसका साथै अर्को कुरा पनि सत्य हो कि त्यहाँ अपराध, चोरी, डकैती आदिको दर पनि अत्यन्तै बढी छ। मान्नुहोस् कि अमेरिकामा इस्लामी कानून लागू भयो । यस अवस्थामा त्यहाँका प्रत्येक धनाढ्यले आफ्नो धनको २.५% धन प्रत्येक वर्ष जकात (दान) दिनु पर्दछ र चोरी, डकैती तथा अन्य अपराध गर्ने व्यक्तिको हात काटिने छ। अब भन्नुहोस् यस्तो अवस्थामा के त्यहाँ अपराधमा बढोत्तरी हुन्छ वा कमी आउँछ ? यो स्पष्ट छ कि इस्लामी कानून लागू भएको अवस्थामा चोरी, डकैतीजस्ता घटनामा अवश्य कमी आउनेछ। यसका साथै यस्तो कडा कानून लागू गर्नाले पछि गएर चोर, डाकू बन्ने प्रवृत्ति मनभित्र पालेर बसेको व्यक्ति यसबाट हतोत्साहित हुन्छ ।

यो कुरा पनि सही हो कि संसारमा हुने चोरी, डकैतीका घटनाहरू यति धेरै छन् कि यदि सम्पूर्ण चोर र डाँकाहरूको हात काट्ने हो भने संसारका लाखौं मानिसहरूको हात काटिनेछन्। तर सोच्नुपर्ने कुरा के छ भने जब कुनै देशमा यस्तो कानून लागू गरिन्छ तब तुरुन्तै त्यस देशमा यस्ता आपराधिक घटनामा कमी आइहाल्छ। जुन व्यक्ति चोरी डकैतीको प्रवृत्ति राख्दछ वा अपराध गर्न चाहन्छ ऊ हात काटिने डरले यो अपराध गर्नुभन्दा पहिले सय पटक सोच्दछ। थोरै मानिसहरूले मात्र यस्तो दुस्साहस गर्न सक्दछन्। अतः हात काट्नु पर्ने दुर्भाग्य कम मानिसले मात्र भोग्नु पर्दछ। यसका साथै करोडौं मानिसहरूले सुख-शान्ति र चिन्ता तथा भय-मुक्त जीवन व्यतित गर्न पाउँछन्। त्यसैले इस्लामी कानून पूर्णतः व्यवहारिक र शानदार नतिजा युक्त रहेको छ।

व्यभिचार, बलात्कार र महिलासँग दुर्व्यवहारलाई सम्पूर्ण ठूला धर्महरूले ठूलो पाप मान्दछन्। इस्लामको शिक्षा पनि यही हो। तर पनि इस्लाम र अन्य धर्मबीच ठूलो अन्तर छ। इस्लामले महिलाको आदर सम्मान गर्ने शिक्षा मात्र दिने होइन कि यसले महिलामाथि दुर्व्यवहार तथा व्यभिचारलाई घृणित र घोर अपराध मान्नुका साथै यसले यस्ता अपराधलाई समाजबाट कसरी समाप्त गर्न सकिन्छ भन्ने कुरासमेत मानिसलाई बताउँछ।

इस्लामले पुरुष र महिलाहरूकालागि पर्दाको अलग अलग निर्देश दिएको छ। यदि यसलाई पालना गरेमा निश्चित रूपमा महिलामाथि हुने दुर्व्यवहार र उनीहरूको यौन उत्पीडन समाप्त भएर जान्छ। यसरी इस्लामले व्यभिचार,

बलात्कार, महिलामाथिको दुर्व्यवहारलाई रोक्दछ; महिला तथा पुरुष दुबैकालागि निश्चित पर्दालाई अनिवार्य ठहराउँछ र यौन उत्पीडनलाई समाप्त पार्दछ । महिलासँग व्यभिचार गरेको प्रमाणित भएको व्यक्तिलाई मृत्युदण्डको सजायँ दिन इस्लामी कानूनले सिफारिस गर्दछ ।

इस्लाम एउटा अति उत्तम जीवन व्यवस्था हो । यसका शिक्षा सैद्धान्तिक शब्दमा मात्र आधारित नभएर मानिसका समस्याहरूको व्यवहारिक रूपमा समाधानको उपाय पनि यसमा बताइएको छ । इस्लाम धर्म पालनाको परिणाम व्यक्तिगत र सामाजिक दुबै स्तरमा स्पष्ट रूपमा अगाडि प्रकट हुन्छ । यो व्यवहारिक विश्वव्यापी धर्म हो । यो कुनै वंश, समूह वा सम्प्रदायसम्म मात्र सीमित छैन । यस्तो प्राकृतिक र व्यवहारिक धर्मलाई हामी सबैले पालना गर्नुपर्दछ ।

# १५. इस्लामको शिक्षा र मुसलमानहरूको व्यवहार

**प्रश्नः** यदि इस्लाम संसारको सबभन्दा असल धर्म हो भने धेरै मुसलमानहरू वेईमान, भरोसाहीन, धोखेवाज तथा घुसखोरीमा लिप्त किन हुन्छन् ?

**उत्तरः** इस्लाम साँच्चै नै उत्तम धर्म हो । तर वास्तविकता यो छ कि आम संचारको नियन्त्रण इस्लामसँग भयभित रहेका पश्चिमीहरूको हातमा रहेकोछ । त्यसैले ती संचार माध्यमहरू बारम्बार इस्लामविरुद्धका सूचनाहरू प्रकाशित तथा प्रसारित गर्ने गर्दछन् । तिनीहरूले या त इस्लामको विरुद्ध गलत सूचना उपलब्ध गराउँछन् र इस्लामसम्बन्धि गलत गलत उद्धारण प्रस्तुत गर्दछन् या त कुनै वास्तविक कुरालाई गलत दिशामा मोडेर फैलाउँछन् ।

यदि कहि बम पड्किएको घटना घट्यो भने कुनै प्रमाण बिना नै सबभन्दा पहिले कुनै मुसलमानलाई दोषी मानिन्छ । सामाचारपत्रहरूमा ठूला ठूला अक्षरहरूमा त्यसलाई प्रकाशित गरिन्छ । फेरि पछि गएर यो थाहा हुन्छ कि यस घटनाको पछाडि कुनै मुसलमानको सट्टा कुनै गैर-मुस्लिमको हात रहेको हुन्छ । फेरि यस खबरलाई पहिले जस्तो महत्व दिईंदैन र छोटो समाचार मात्र दिइन्छ । त्यस्तै यदि कुनै ५० वर्षको मुसलमान पुरुषले १५ वर्षकी मुसलमान केटीसँग उसको मञ्जुरीका साथ विवाह गऱ्यो भने पनि यो समाचार पत्रिकाको पहिलो पृष्ठमा धेरै महत्वका साथ प्रकाशित गरिन्छ । तर, यदि कुनै ५० वर्षको गैर-मुस्लिम पुरुषले ६ वर्षकी बालिकाका साथ बलात्कार गऱ्यो भने यस समाचारलाई पत्रिको भित्री पृष्ठको संक्षिप्त समाचारको पंक्तिमा मात्र स्थान प्राप्त हुन्छ । अमेरिकामा प्रतिदिन २७१३ बलात्कारका घटनाहरू हुने गर्दछन् । तर यो समाचारमा आउँदैन किनकि अमेरिकीहरूका लागि यसप्रकारका कार्यहरू जीवनचर्यामा सामेल भइसकेकाछन् ।

केही मुसलमानहरू बेइमान र भरोसा गर्न लायकका छैनन् भन्ने कुरा हामीलाई थाहा छ । तिनीहरू धोखाबाजी आदि गर्दछन् । तर आम संचार माध्यमहरूले यसलाई यस्ता गतिविधिमा लिप्त हुने व्यक्ति मुसलमान मात्र हुन्छ भन्ने प्रकारले समाचार प्रसारित गर्दछन् । प्रत्येक समुदायभित्र केही काला ब्वाँसा (खराब मानिस) हरू अवश्य हुन्छन् । ती केही मानिसहरूको कारणले त्यस धर्मलाई नै दोषी ठहराउन सकिदैन किनकि तिनीहरू त्यो धर्मका नाम मात्रका अनुयायी हुन्छन् ।

मुसलमानहरूमा खराब मानिसहरूको उपस्थिति हुँदाहुँदै पनि समग्रमा मुसलमानहरू संसारका सबभन्दा असल मानिसहरू हुन् । मुसलमान नै त्यो समूदाय हो जसमा रक्सी खानेहरूको संख्या सबभन्दा कम र रक्सी नखानेहरूको संख्या सबभन्दा बढी रहेको छ । समग्रमा मुसलमानहरू संसारमा सबभन्दा बढी धन सम्पत्ति गरीबहरू र भलाईको काममा खर्च गर्दछन् । सुशीलता, लज्जा, सादापन र शिष्टचार, मानवीय मूल्य मान्यता र नैतिकताका सन्दर्भमा मुसलमानहरू अरूको तुलनामा धेरै अगाडि छन् ।

यदि तपाईं कुनै नयाँ नमूनाको कारको बारेमा त्यो कतिको राम्रो छ भन्ने कुराको अन्दाज गर्न चाहनु हुन्छ र कार चलाउने विधिसँग अपरिचित व्यक्ति कार चलाउन चाहन्छ भने तपाईं कसलाई दोष दिनुहुन्छ, कार वा चालकलाई ? यो स्पष्ट छ कि चालकलाई नै तपाईं दोषी ठहराउनुहुन्छ । कार कतिको राम्रो छ भन्ने कुरा पत्तालगाउन कोही पनि बुद्धिमान व्यक्ति त्यसको चालकलाई हेर्दैन बरू त्यस कारका खूबीहरू अर्थात त्यसको गति, इन्धनको खपत, सुरक्षात्मक उपायहरूसँग सम्बन्धित कुराहरूको मौजूदी आदिलाई हेर्दछ । यदि मुसलमानहरू खराब हुन्छ भन्ने कुरालाई हामीले स्वीकार नै गर्‍यौं भने पनि हामीले इस्लामलाई त्यसका मान्नेहरूका आधारमा तौलन र जाँच्न हुँदैन । यदि तपाईं सही अर्थमा इस्लामको क्षमता जान्ने र जाँच्ने खुबी (क्षमता) राख्नुहुन्छ भने तपाईंले त्यसका उचित र प्रमाणित स्रोतहरू (कुरआन र सुन्नत) लाई अगाडि राख्नुपर्दछ ।

यदि तपाईं व्यावहारिक रूपमा कार कतिको राम्रो छ भन्ने कुरा जान्न चाहनुहुन्छ भने त्यसलाई चलाउनका लागि एउटा सिपालु चालकलाई नियुक्त गर्नुहोस् । त्यसैगरी सबभन्दा उत्तम एवं इस्लाम पालना गर्ने दृष्टिबाट सबभन्दा राम्रो नमूना मुहम्मद (स.) हुनुहुन्छ जसबाट तपाईं इस्लामको राम्रो खूबीलाई महसुस गर्न सक्नु हुन्छ ।

ईमान्दार एवं निष्पक्ष धेरै गैर-मुस्लिम इतिहासकारहरूले पनि मुहम्मद (स.) सबभन्दा असल मानिस हुनुहुन्थ्यो भन्ने कुरालाई स्पष्टसँग उल्लेख गरेकाछन् । **"इतिहासका सय महत्वपूर्ण प्रभावशाली मानिस"** नामक पुस्तकका लेखक माइकल एच. हार्टले आफ्नो पुस्तकमा महान् व्यक्तिहरूमध्ये मुहम्मद (स.) लाई पहिलो स्थान दिएका छन् । गैर-मुस्लिमहरूद्वारा मुहम्मद (स.) लाई श्रद्धाञ्जली प्रस्तुत गरिएका यसप्रकारका अनेकौं उदाहरणहरू छन् ।

# १८. गैर-मुस्लिमहरूलाई किन काफिर भनिन्छ ?

**प्रश्नः** मुसलमानहरूले गैर-मुस्लिमहरूलाई काफिर जस्तो नराम्रो नामले किन बोलाउँछन् ?

**उत्तरः** अरबी शब्द काफिर “कुफ्र” मूल शब्दबाट बनेको हो । कुफ्रको अर्थ लुकाउनु वा इन्कार गर्नु हुन्छ । इस्लामी परिभाषामा ‘काफिर’ त्यो व्यक्ति हो । जो इस्लामको सत्यता र त्यसको सच्चाईलाई लुकाउँछ वा इन्कार गर्दछ । अंग्रेजीमा यो इन्कार गर्नेहरूका लागि Non-Muslim (गैर-मुस्लिम) शब्दको प्रयोग गरिन्छ ।

कुरआनमा प्रयोग भएको शब्द कुफ्रको अर्थ अवस्था अनुसार विभिन्न स्थानमा विभिन्न रहेकोछ । जस्तो यसको अर्थ इन्कार, अवज्ञा, कृतघ्नता, निरादार, सत्यतालाई लुकाउनु र अधर्म आदि हुन् । काफिर शब्द व्याकरणको दृष्टिमा गुणवाचक संज्ञा हो, यो अपमान बोधक शब्द होइन । यो शब्द ती व्यक्तिहरूकालागि प्रयुक्त भएको छ जसका अगाडि ईश्वरीय धर्म इस्लामको शिक्षा पेश गरियो र तिनीहरूले कुनै पनि कारणले त्यसलाई गलत मानेर त्यसको इन्कार गरे ।

प्रत्येक धर्ममा त्यस धर्मका मौलिक धारणा एवं शिक्षाहरूलाई मान्ने र नमान्नेहरूकालागि अलग-अलग विशेष शब्द प्रयुक्त गर्ने गरिन्छ । जस्तै- हिन्दू धर्ममा त्यसका शिक्षाहरूलाई इन्कार गर्ने व्यक्तिहरूलाई नास्तिक, अनार्य वा असभ्य, दस्यु वा मलिच्छ शब्दको प्रयोग गरिन्छ । यदि कुनै व्यक्ति कुनै धर्मको धारणा या शिक्षालाई स्वीकार गर्दैन भने यसलाई त्यसको इन्कार गर्ने व्यक्ति अर्थात् काफिर नै भनिएकोछ । त्यसैले काफिर शब्द होच्याएर वा घृणाको रूपमा प्रयोग गरिने शब्द होइन ।

# परिचय

इस्लामको सन्देशको प्रसारको लागि कुराकानी र वादविवाद हुनु आवश्यक छ । पवित्र कुरआनमा भनिएको छ,

> **“हे सन्देष्टा ! मानिसहरूलाई अल्लाहको मार्गतर्फ तत्वदर्शितिमी एवं सदुपदेशको माध्यमबाट बोलाऊ, र तिनीहरूसित सर्वोत्तम तरीकाले वादविवाद गर । तिम्रा रब राम्ररी जान्दछन् कि को उनको मार्गबाट भ्रष्ट भएको छ र को सीधा मार्गमा छ ।” (कुरआन १६:१२५)**

इस्लामको सन्देश कुनै गैर-मुस्लिमसम्म पुऱ्याउनका लागि पूर्ण रूपले इस्लामको सकारात्मक पक्षप्रति मात्र प्रकाश पार्नु पर्याप्त छैन । धेरै गैर-मुस्लिमहरू इस्लामको वास्तविकताप्रति सहमत छैनन् किनकि उनीहरूको मस्तिष्कमा इस्लामसँग सम्बन्धित केही प्रश्न छन् जसको उत्तर उनीहरूले पाएका छैनन् । उनीहरू इस्लामका सकारात्मक पक्षहरूसँग सहमत हुन सक्दछन् तर साथै उनीहरूले भन्ने छन्, “तपाईं त्यही मुसलमान हुनुहुन्छ जसले एकभन्दा बढी महिलासँग विवाह गर्नेगर्छ, तपाईं त्यही मानिस हुनुहुन्छ जसले महिलालाई पर्दामा राखेर उनीहरू माथि मनपरी गर्नुहुन्छ । तपाईं त रुढिवादी हुनुहुन्छ, इत्यादि” ।

म स्वयं गैर-मुस्लिमसँग सोध्न चाहन्छु कि उनीहरू इस्लाममा के गलत देख्छन् ? म उनीहरूसँग स्पष्ट तरीकाले सोध्न चाहन्छु कि उनीहरूले आफ्नो अल्पज्ञानको आधारमा चाहे उनीहरू सही हुन् वा गलत मलाई वताऊन् कि उनीहरू इस्लामको सम्बन्धमा कुन कुरा गलत भएको महसुस गर्दछन् । म उनीहरूलाई प्रोत्साहित गर्दछु कि उनीहरू मसँग खुलेर कुरा गरून् । म विश्वास दिलाउँछु कि इस्लामप्रति हुने कुनै पनि आलोचना सहन सक्ने शक्ति मभित्र रहेको छ ।

विगत केही वर्षदेखि इस्लामको प्रचार-प्रसारको क्रममा मैले महसुस गरें कि इस्लामको सम्बन्धमा गैर-मुस्लिमको मस्तिष्कमा जुन विशेष प्रश्नहरू उठ्छन् त्यसको संख्या करीब २० जति छ । कोही पनि गैर-मुस्लिम इस्लामको बारेमा जुन प्रश्न गर्दछ त्यो यिनै बीस प्रश्नमध्ये नै हुन्छ । इस्लामसँग सम्बन्धित यी बीस

प्रश्नको उत्तर तर्क र प्रमाणसम्म दिन सकिन्छ । गैर-मुस्लिमको एउटा ठूलो संख्या यी उत्तरहरूबाट संतुष्ट हुन सक्दछ । यदि एउटा मुसलमानले यी जवाफहरूलाई कण्ठस्त पार्‍यो भने मलाई पूर्ण विश्वास छ कि ऊ एउटा गैर-मुस्लिमलाई इस्लामको सत्यताको विश्वास दिलाउन सफल हुन नसके पनि उसले कमसे कम इस्लामको सम्बन्धमा देखिने भ्रमहरूलाई हटाउने छ र गैर-मुस्लिमको मस्तिष्कमा इस्लामप्रति जुन नकारात्मक विचार पाइन्छन् त्यसलाई नाश गर्न सफल हुने छ । बिलकुलै कम गैर-मुस्लिमसँग यी उत्तरहरू विरुद्ध तर्क हुन सक्दछ जसको लागि केही वढी जानकारीको आवश्यकता पर्न सक्दछ ।

गैर-मुस्लिमहरूको एउटा ठूलो संख्या जो इस्लामको सम्बन्धमा भ्रमहरू राख्दछन्, त्यसको कारण संचार माध्यम (मिडिया)हरूले उनीहरूलाई इस्लामको बारेमा घरिघरि गलत जानकारी दिनु हो । अन्तर्राष्ट्रिय सेटलाइट चैनल होस् वा रेडियो केन्द्र होस्, समाचार पत्र होस् वा पत्रिका वा किताब होस् सबै पश्चिमी संसारको कब्जामा छन् । हालै जानकारी लिने एउटा प्रवल माध्यम इन्टरनेट बनेको छ, यद्यपी यो कसैको कब्जामा छैन तापनि हामी इन्टरनेटमा इस्लाम विरुद्ध उग्र प्रचारका भरपुर सामग्रीहरू देख्छौं । निश्चय नै मुसलमानहरू पनि इस्लामको सही स्वरूपलाई प्रस्तुत गर्न यसको प्रयोग गरिरहेका छन् तर इस्लामको गलत प्रचार गर्नेहरूको तुलनामा उनीहरू धेरै पछाडि छन् । म आशा गर्दछु कि यस क्षेत्रमा मुसलमानहरूको प्रयास बढ्नेछ र उनीहरू यस दौडमा भाग लिनेछन् ।

इस्लामका सम्बन्धमा उत्पन्न हुने सामान्य प्रश्न प्रत्येक समयमा फरक फरक हुन्छन् । आजको समय यस्तो समय हो जसमा यी सामान्य प्रश्नहरू एकै पटक उत्पन्न भएका हुन् । केही दशक पहिले इस्लामको सम्बन्धमा उत्पन्न हुने प्रश्नहरू अरू नै थिए र हुन सक्छ कि केही दशकपछि यी पनि फेरिन सक्दछन् । मिडियाले इस्लामलाई कुन प्रकारले प्रस्तुत गर्दछन् त्यसमा यो निर्भर रहन्छ ।

मैले संसारका विभिन्न ठाउँमा मानिसहरूसँग कुरा गरें र सबैभन्दा बढी सोधिने यी प्रश्नहरू हरेक ठाउँमा एकै भएको मैले पाएँ । यी बाहेक केही अरू पनि प्रश्न हुन सक्दछन् जुन कुनै स्थान, परिस्थिति र सभ्यतामा निर्भर गर्दछ । जस्तै अमेरिकामा एउटा यस्तो पशन पनि हुन सक्छ- “इस्लाम व्याजको लेनदेनलाई किन मनाही गर्दछ ?” सामान्य रूपमा गर्न सकिने प्रश्नहरूका अलावा मैले केही

विशेष प्रश्न पनि समावेश गरेको छु जुन भारतीय गैर-मुस्लिमद्वारा सोधिने गरिन्छ । जस्तै, "मुसलमान मांशाहारी भोजन किन गर्दछन् ?" यस्ता प्रश्नहरू समावेश गर्नुको कारण यो हो कि भारतीय मूलका मानिस संसारभरि फैलिएका छन् र यी मानिस विश्वको जनसंख्याको २०% अर्थात् १/५ भाग छन् । यसकारण उनीहरूको प्रश्न सामान्य हुन जान्छ जुन संसार भरिका गैर-मुस्लिमद्वारा सोधिने गरिन्छ ।

धेरै गैर-मुस्लिमहरू यस्ता छन् जसले इस्लामको अध्ययन गरेका छन् । तिनीहरूमध्ये अधिकांशले तिनै किताबहरू मात्र पढेका छन् जुन इस्लामप्रति पक्षपातपूर्ण व्यवहार गर्ने आलोचकहरूद्वारा लेखिएका हुन् । यी गैर-मुस्लिमहरूसँग इस्लामका बारेमा बीसवटा अरू भ्रम हुन सक्छन् । उदाहरणको रूपमा उनीहरू पवित्र कुरआनमा परस्पर विरोधी कुराहरू हुने दावी गर्दछन् र कुरआन अवैज्ञानिक छ, इत्यादि भन्दछन् । ती बीसवटा भ्रमको पनि उत्तरहरू यसमा समाविष्ट छन् जुन ती गैर-मुस्लिमहरूमाझ व्याप्त जसले गलत माध्यमहरूबाट इस्लामको अध्ययन गरेका छन्। मैले ती प्रश्नहरूको पनि उत्तर दिएको छु जुन गैर-मुस्लिममाझ सामान्य छैनन् ।

# प्रकाशकीय

इस्लाम प्राकृतिक धर्म हो भने कुरआन समस्त मानव जीवन पद्धतिको लागि उत्तम विधान वा मार्गदर्शन हो । सारा मानव जगतका लागि ईश्वरले तयार पारेको सर्वोकृष्ट कानून वा संविधान कुरआन हो । कोही इस्लामलाई नबुझि वा इस्लामका प्रमाणित ग्रन्थहरू कुरआन र हदीसको अध्ययन बिना नै इस्लामका बारेमा टिकाटिप्पणी गर्दछ भने त्यो उसको अज्ञानता हो । अरूको कुरा सुनेर इस्लामप्रति लान्छना लगाउन खोज्दछ भने त्यो उसको भ्रम हो । तर अध्ययन पछि पनि मुसलमान र इस्लामका बारेमा गलत टिप्पणी गर्दछ भने त्यो आम जनसमूदायमा भ्रम फैलाउने उसको बदनियतपूर्ण व्यवहार हो । इश्वरले दिएका मार्ग निर्देशलाई सही रूपमा जाने वा अन्तिम सन्देष्टा मुहम्मद (स.) ले आफ्नो जीवनमा देखाउनु भएको व्यवहारलाई बुझेमा इस्लामप्रतिको दृष्टिकोणमा परिवर्तन हुनुका साथै सबै किसिमका भ्रमहरू सहजै हटेर जानेछन् । हरेक विषयलाई गहिरिएर अध्ययन गर्ने क्रममा त्यस विषय बारेमा छलफल र वादविवाद गर्नु जरूरी छ । त्यसरी नै इस्लाम र कुरआनको भनाई बुझ्न त्यसबारेमा स्पष्ट छलफल हुनुपर्दछ । यसबाट वास्तविक तथ्य संबन्धित सबैमा प्रष्ट हुन्छ ।

इस्लामका बारेमा गैर-मुस्लिमहरू विभिन्न भ्रमपूर्ण प्रश्नहरू गर्ने गर्दछन् ती सामान्य प्रश्नहरूको उत्तरको संग्रहको रूपमा यो पुस्तक रहेको छ । इस्लामका विद्वान लेखक तथा विचारक डा. जाकिर नाइकको "Answer to Non-Muslim's Common Questions about Islam" नामक प्रश्नोत्तर संग्रहको यो नेपाली अनुवाद हो । गैर मुस्लिमहरूले गर्ने गरेका वा गर्न सक्ने केही महत्वपूर्ण प्रश्नहरूको उत्तर डा. नाइकले कुरआन र हदिसमा उल्लेख भएको प्रमाण सहित यसमा दिएका छन् । त्यस्ता प्रश्नहरूको जवाफ काल्पनिक र आदर्शवादी विचारको नभएर वैज्ञानिक र व्यवहारिक तर्कका आधारमा दिइएको छ ।

पुस्तकलाई नेपालीमा अनुवाद गर्नु हुने इरफान पोखरेल र भाषा सम्पादन गर्नु हुने मो. जाकिरप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यस्तै समयमा नै पुस्तक प्रकाशित गर्न सहयोग पुऱ्याउनु हुने समस्त महानुभावहरूमा समेत धन्यवाद ज्ञापन गर्दछु । पुस्तकलाई त्रुटिरहित बनाउन हर संभव प्रयास गर्दा गर्दै पनि कतिपय गल्तीहरू यथावत हुन सक्दछन् । त्यसैले रचनात्मक सुझाव पठाई सहयोग र प्रोत्साहन गर्नुहुन सम्पूर्ण पाठक र शुभ चिन्तकहरूमा अनुरोध गर्दछु ।

अताउल्लाह खाँन
सचिव
मिल्लते इस्लामीया नेपाल
काठमाडौं

# विषय सूचि


| क्र.सं. | शिर्षक | पृष्ठसंख्या |
| --- | --- | --- |
| १. | बहुविवाह | १ |
| २. | पर्दा | ७ |
| ३. | के इस्लाम तरबारबाट फैलिएको हो ? | १३ |
| ४. | मुसलमानहरू रूढिवादी र आतंकवादी | १७ |
| ५. | जनावरलाई बध गर्ने तरिका | २० |
| ६. | मांसाहारी खाना | २१ |
| ७. | काबाको पूजा | ३० |
| ८. | गैर मुस्लिमलाई मक्का प्रवेशमा रोक | ३२ |
| ९. | रक्सी अवैध | ३४ |
| १०. | साक्षी सम्बन्धि मामिला | ४० |
| ११. | पैत्रिक सम्पति | ४३ |
| १२. | परलोकः मृत्यूपछिको जीवन | ४६ |
| १३. | मुसलमानहरू समूह र मतान्तरमा | ५१ |
| १४. | इस्लामको नै पालना कि गर्ने ? | ५४ |
| १५. | इस्लामको शिक्षा र मुसलमानहरूको व्यवहार | ५७ |
| १६. | गैर-मुस्लिमहरूलाई किन काफिर भनिन्छ ? | ५९ |

## निम्न पुस्तकहरू खोजी खोजी पढौं

१. इस्लाम दर्शन

२. इस्लामी आस्था

३. कुरआन - तिसौं खण्ड

४. मुहम्मद (स.) अल्लाहका दूत

५. मुहम्मद (स.) धर्मग्रन्थहरूमा

६. इस्लामको वैज्ञानिक विश्लेषण

७. कुरआन - संक्षिप्त परिचय

८. इस्लाममा नारी

९. समयको सदूपयोग

| | |
|---|---|
| पुस्तक | : इस्लाम विरोधी भ्रम निवारण |
| लेखक | : डा. जाकिर नाइक |
| अनुवादक | : इरफान पोखरेल |
| प्रकाशक | : इस्लामी पुस्तकालय (मिल्लते इस्लामीया नेपाल) |
| ©सर्वाधिकार | : प्रकाशक |
| संस्करण | : २०६४ बैशाख (अप्रिल २००७) |
| प्रकाशित प्रति | : १००० |
| कम्प्युटर सेटिङ्ग | : सनोज शाक्य |
| मुद्रक | : चारुमति प्रिन्टिङ्ग प्रेस, फोन ४-२२९८६७ |
| मूल्य | : रू. ४५।- |

# इस्लाम विरोधी भ्रम निवारण

(इस्लामका बारेमा गैर-मुस्लिमहरुले गर्ने सामान्य प्रश्नहरुका उत्तर)


n]vs

**डा. जाकिर नाइक**

cg'jfb tyf ;Dkfbs

**इरफान पोखरेल**



k|sfzs

**इस्लामी पुस्तकालय**

(मिल्लते इस्लामीया नेपाल)

घण्टाघर, काठमाडौं

पो.ब.नं. १३४३६, फोन न. ४२४१०१७

Website: www.islaminnepal.com

# पुस्तकका बारेमा दुई शब्द

प्रस्तुत पुस्तक डा. जाकिर नाईक (महासचिव, इस्लामिक रिसर्च फाउण्डेशन मुम्बई, भारत) को लेख हो । पेशाले चिकित्सक भएता पनि आफ्नो जीवनको लामो समय इस्लामको सेवा (दावा कार्य) मा व्यतित गर्नुभएको छ। त्यस क्रममा इस्लाम धर्मको प्रशस्त ज्ञान नभएका तथा इस्लाम धर्मप्रति पूर्वाग्रह राख्नेहरूबाट प्रस्तुत हुने गरेका प्रश्न एवं जिज्ञासाहरूका उत्तर कुरआन हदीसको प्रकाशमा दिनुका साथै अन्य धार्मिक पुस्तकहरूबाट समेत पुष्टि गरी सत्य तथ्यको खोज गर्नेहरूका लागि बौद्धिक खुराक दिनुका साथै मार्ग दर्शन समेत गर्नुभएको छ ।

हाम्रा कतिपय दाजुभाईहरू इस्लामको प्रारम्भिक न्यूनतम ज्ञान समेतबाट बन्चित छन् । यस्तो परिस्थितिमा इस्लाम विरोधी तत्वहरूले इस्लामको विरोधमा चाहिंदा नचाहिंदा प्रश्नहरू खडा गरी इस्लामको आकर्षणमा कमि ल्याउने र इस्लामलाई शंका उपशंकाको घेरामा ल्याउने प्रयत्न गरिरहेका छन् । तर सदा सत्य तथ्यको खोजमा रहनेहरूको प्यास झन्झन् बढ्दो छ। यस्तो अवस्थामा इस्लामको स्पष्ट शिक्षालाई व्यापक गरिएमा निस्सन्देह इस्लाम तिनीहरूको हृदयको ढुकढुकी मात्र बन्दैन यस सत्यलाई अंगिकार नगरी रहन पनि सक्दैन । रह्यो कुरा त्यस्ता तत्व र समूहको जसले आफ्ना सबै प्रकारका श्रोतको प्रयोगले हरेक क्षण इस्लामलाई बदनाम गर्न लागिपरेकाछन् । त्यस्ताहरूलाई कुनै पनि प्रकारले सन्तुष्ट पार्न वा सुमार्गमा ल्याउन सकिंदैन । यस्ताहरूलाई कुरआनको भाषामा भन्नुपर्दा "यिनीहरू आँखा भएर पनि अन्धा हुन्, कान भएर पनि बहिरा हुन्, जिब्रो भएर पनि बोल्न सक्दैनन्" भन्न सकिन्छ ।

घण्टाघर, काठमाडौंस्थित शताब्दियौं इतिहास बोकेको नेपाली जामे मस्जिद (धार्मिकस्थल) मा सेवारत यो टिप्पणीकारको झण्डै दश वर्षको सेवाकालको अनुभव अनुसार पनि इस्लाम र मुस्लिमको सम्बन्धमा जिज्ञासा राखी मस्जिद तर्फ आउनु हुने महानुभावहरू मध्ये अधिकतमको जिज्ञासा र प्रश्नहरू पनि त्यस्तै खालका हुने गरेका छन् । "गैर मुस्लिमहरूलाई काफिर किन भनिन्छ ?, बहुविवाह, पर्दा, जिहाद, इस्लामी शिक्षा र मुस्लिमहरूको जिवन, कट्टरबाद र आतंकवाद, मांसाहार, गैर मुस्लिमहरूलाई मक्कामा प्रवेशमा मनाही, मदिरापान, इस्लाममा

महिलाको अस्तित्व, इस्लाम नै किन ? इस्लाम तलवारले फैलिएको हो ? पशुवधको तरिका, परलोकमा आस्था, जस्ता आदि इत्यादी जिज्ञासा र प्रश्नहरूको सन्तोषजनक उत्तर लेखक महोदयले प्रस्तुत पुस्तकमा दिनुभएको छ ।

प्रस्तुत पुस्तकको कुनै पनि पूर्वाग्रह नराखी खुला हृदयले अध्ययन गरिएमा आफ्नो मनमा उठेका तथा पूर्वाग्रहीहरूको तर्फबाट आउने गरेका जिज्ञासा एवं प्रश्नहरूको सन्तोषजनक रुपमा उत्तर पाउन र दावा कार्यमा लागेकाहरूको ज्ञानमा समेत वृद्धि हुन सक्छ भनि आशा गर्नसकिन्छ ।

अन्तमा पुस्तकलाई पाठक समक्ष पुऱ्याउनमा महत्वपूर्ण योगदान गर्नुहुने लेखक डा. जाकिर नाइक, अनुवादक इरफान पोखरेल, प्रकाशक इस्लामी पुस्तकालय र अन्य सबैलाई यसको महान प्रतिफल देऊन र योा पुस्तक पाठक वर्गको लागि अधिकत्तम फाइदा जनक बनाउन भनि अल्लाह तआलासँग दुआ (प्रार्थना) गर्दछु । आमीन् । वल्हम्दुलिल्लाही रब्बिल आलमीन वस्सलातो वस्सलामो अला रसुर्लिहिलकरीम ।

**मोहम्मद अशरफ**
सचिव
**नेपाल जामे मस्जिद (धार्मिक स्थल)**
संचालक समिति
घण्टाघर, काठमाडौं, नेपाल